# प्रभाव दैनिक
National Daily



नयाँ वर्ष २०७७ को उपलक्ष्यमा हाम्रा पाठक, विज्ञापनदाता, पत्रकार, लेखक, कर्मचारी र शुभचिन्तकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना ।

अध्यक्ष
दुर्गा बहादुर लिम्बू
तथा
प्रभाव पब्लिकेसन प्रा.लि. परिवार



वर्ष ६ अंक ३१९ काठमाडौं शुक्रबार, ५ बैशाख २०७७ Prabhab National Daily, “riday, April 17, 2020 URL www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## नेपालीको उद्धार गर्न आदेश




■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारमा रहेका नेपालीहरूलाई उद्धार गर्न सर्वोच्च अदालतले सरकारलाई आदेश दिएको छ । अधिवक्ता सोमप्रसाद लुइँटेलसहितले विदेशमा रोजगारीका लागि गएका नेपालीहरू कोरोनाको महामारीका कारण समस्यामा परेको भन्दै दायर गरेको रिटमा सर्वोच्चले सुनुवाइ गर्दै कोरोना भाइरसको महामारी फैलिएका देशबाट आफ्ना नागरिकलाई उद्धार गरी फिर्ता ल्याउन सरकारलाई आदेश दिएको हो ।

बिहीबार न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले सरकारका नाममा विदेशमा रहेका आफ्ना नागरिकलाई तत्काल फिर्ता ल्याउनेआवश्यक व्यवस्था गर्न आदेश गरेको छ । आदेशमा ‘वैदेशिक रोजगारीमा अत्यन्त जोखिममा रहेका नेपाली नागरिकको अनियन्त्रित र अव्यवस्थित नेपाल प्रवेशबाट हुने थप जोखिमलाई नियन्त्रण गर्न, नागरिकको व्यक्तिगत अधिकार, बहुसंख्यक नागरिकाको जीवन स्वास्थ्य, सुरक्षाको हितलाई ध्यानमा राख्दै उनीहरूको उद्धार र फिर्ता ल्याउने कार्य गर्नुपर्ने देखिन्छ,’ भनिएको छ । त्यस्तै आदेशमा अगाडि उल्लेख छ, ‘उनीहरूलाई फिर्ता ल्याउनका लागि आवश्यक प्रशासनिक, आर्थिक र व्यवस्थापकीय पहल गर्न अन्तरिम आदेश जारी  गरिदिएको छ ।’

त्यसो त अन्य मुलुकहरूले आफ्ना नागरिकहरू फर्काइरहेका छन् तर नेपाल सरकारले भने अष्ट्रेलिया, अमेरिका र अफगानिस्तानका नेपालीलाई मात्र उद्धार गर्ने सोच बनाइराख्दा सर्वोच्चको आदेशले सरकारमाथि नैतिक दबाब थपिएको बताइन्छ । वैदेशिक रोजगारीमा रहेका र उक्त देशमा महामारी फैलिएकाले त्यहाँ रहेका नेपालीहरूको अवस्थाबारे प्रतिवेदन तयार गर्न पनि सर्वोच्चले सरकारका नाममा आदेश गरेको छ ।

त्यस्तै, विदेशमा रोजगारीका लागि गएकाहरूलाई विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम बिनाभेदभाव उपचारलगायत सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन परराष्ट्रमार्फत् कूटनीतिक पहल गर्न भनिएको छ ।

सर्वोच्चले सरकारले तत्काल केही नगर्दा वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकको शारीरिक, मानसिक स्वास्थ्य र जीवन मात्र जोखिममा नरही उनीहरूसँग आश्रित परिवारको समेत जीवन जोखिममा पर्ने भन्दै उनीहरूको रक्षा गर्ने जिम्मेवारी सरकारकै भएको स्मरण गराइएको छ ।

यता, सरकारले अफगानिस्तानस्थित युएनमा काम गर्ने नेपालीलाई घर आउन दिने भएको छ । बुधबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले उनीहरूलाई नेपाल ल्याउन दिने निर्णय गरेको हो । अफगानिस्तानमा रहेका युएनअन्तर्गत काम गरिरहेका नेपाली नागरिकहरू उद्धार गर्न युएन एजेन्सीबाट अनुरोध भएर आएको प्रधानमन्त्री कार्यालयका सचिव नारायणप्रसाद विडारीले बताएका छन् । उनका अनुसार युएनसँगको समन्वयमा नेपाली नागरिकलाई उद्धार गर्नेतर्फ उपयुक्त उपाय अपनाइने छ ।

अफगानिस्तानमा कार्यरत नेपालीहरूलाई स्वदेश फर्काउन राष्ट्रसंघले नयाँदिल्लीस्थित नेपाली दूताबासलाई पहल गरिदिन आग्रह गरेको थियो । दिल्लीको नेपाली दूताबासले अफगानिस्तान पनि हेर्छ । उता युएनले नै आफैँ विमान चार्टर्ड गरेर अधिकारीहरूलाई नेपाल पठाउने बताइएको छ ।

सरकारले अफगानिस्तानमा काम गर्न जान रोक लगाए पनि नेपालीहरू गैरकानुनी हिसाबले सैयौँ पुगेका छन् । त्यहाँ पुगेका नेपालीहरू विदेशी कूटनीतिक नियोग र अफगानिस्तानका खटिएका विदेशी सैनिक शिविरमा काम गर्छन् ।

## बासस्थान छाड्न दबाब

■ योगी योगेन्द्र

**दोहा–** कतारमा कार्यरत नेपालीहरूलाई कम्पनीले वासस्थान छाड्न दबाब दिन थालेका छन् । कोरोना संक्रमणबाट उत्पन्न परिस्थितिमा हाल कतारमा कार्यरत नेपाली श्रमिकहरूलाई आफू कार्यरत कम्पनीले उपलब्ध गराएको बासस्थान छाड्न दबाब दिने गरेको गुनासो आएको कतारस्थित नेपाली दूताबासले जनाएको छ  ।

दूताबासले सूचना जारी गर्दै त्यस्ता गुनासासहित फोन इमेल आउने गरेको बताउँदै त्यस्ता गुनासाहरू कतार सरकारको प्रशासनिक विकास, श्रम र सामाजिक मामिला मन्त्रालयको ९२७२७ मा म्यासेज गर्न तथा टेलिफोन नम्बर ४०२८०६६० वा १६००८ मा सम्पर्क गर्न समेत दूताबासले अनुरोध गरेको छ ।

बासस्थानलगायत खाना र तलबका बारेमा परेका गुनासाहरूका लागि कतार सरकारको मन्त्रालयमा म्यासेज गर्दा कतारी आइडी वा भिसा नम्बरको अगाडि ५ थपेर पठाउनु दूताबासले जानकारी गराएको छ ।

कतारमा भाइरस संक्रमितको संख्या ३ हजार ७ सय ११ जना पुगेको छ । अहिलेसम्म ४०६ उपचारपछि पूर्णरूपमा निको भएर घर फर्किएका छन् भने मृतकको संख्या ७ पुगेको छ । अहिलेसम्म कोरोनाबाट कति जना नेपाली संक्रमित भएका छन् या छैनन् भन्ने कुनै पनि तथ्यांक बाहिर नआएको दूताबासले जनाएको छ ।


यता, विश्वव्यापी रूपमा देखा परेको कोरना भाइरस (कोभिड १९) नियन्त्रणमा कतार सरकारले चालेको विभिन्न सावधानी कदमहरूको पालना गर्ने क्रममा यहाँ रहेका केही नेपाली श्रमिकहरूमा देखा परेका समस्या समाधानका निम्ति गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारद्वारा गठित उद्दार तथा राहत वितरण समितिद्वारा दोस्रो चरणमा कतार च्यारिटीद्वारा प्राप्त साथै नेपाली दूताबास कतारको विशेष पहल र उपस्थितिमा कतारको विभिन्न ठाउँमा रहेका २५० नेपाली श्रमिकहरूलाई खाद्यान्न बितरण गरिएको एनसिसी कतारका महासचिव पदम गिरीले जानकारी दिएका छन् ।

कोरोना विश्व अपडेट

# एक लाख ३४ हजारको मृत्यु

**बिहीबारसम्ममा २० लाख ८४ भन्दा बढी संक्रमित**

■ एजेन्सी



**जेनेभा–** चीनको उहान सहरबाट फैलिएको कोरोना भाइरस (कोभिड-१९) विश्वभरी महामारीको रूपमा फैलिएको छ । कोरोना भाइरसबाट बिहीबारसम्म मृत्यु हुनेको संख्या एक लाख ३४ हजार नाघेको छ ।

विश्व स्वास्थ्य संगठन र जोन्स हप्किन्स विश्वविद्यालयले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार संयुक्तराज्य अमेरिकामा संक्रमित र मृत्यु हुने व्यक्तिको संख्या सबैभन्दा बढी छ । अमेरिकामा ६ लाख ४४ हजारभन्दा बढी मानिस कोरोना संक्रमित भएका छन् भने २८ हजारभन्दा बढीको मृत्यु भएको छ ।

गत २४ घण्टामा अमेरिकामा दुई हजार ४८२ जनाको मृत्यु भएको थियो । दोस्रो र तेस्रो स्थानमा इटाली र स्पेन रहेका छन् । इटालीमा २१ हजार भन्दाबढीको ज्यान गएको छ भने संक्रमितको एक लाख ६५ हजार नाघेको छ । स्पेनमा भने १८ हजार ५०० भन्दा बढीको मृत्यु भएको छ । संक्रमितको संख्या एक लाख ८० हजार नाघेको छ ।

कोरोना भाइरसकै कारण अर्को युरोपेली मुलुक फ्रान्समा १७ हजार १६७ जना र बेलायतमा बिहीबारसम्ममा १२ हजार ८६८ जनाको मृत्यु भएको छ । बेल्जियममा ४ हजार ४४० जना, जर्मनीमा ३ हजार ८०४ जना, नेदरल्यान्ड्समा ३ हजार १३४ जना, स्वीट्जरल्यान्डमा एक हजार २३९ जना, स्वीडेनमा एक हजार २०३ जना र आयरल्यान्डमा ४४४ जनाको मृत्यु भएको छ ।

संयुक्तराज्य अमेरिकामा संक्रमित हुने र मृत्यु हुनेको संख्या बढ्दै गएपछि देशका धेरै राज्यमा अहिले संकटकालको घोषणा गरिएको छ । लकडाउन नलगाउने घोषणा गर्दै आएका राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक दूरी कायम गर्ने सुझावहरू हाललाई ३० अप्रिलसम्म तोकेका छन् । परिस्थिति जटिल बनेको भएपनि मानिसको आवागमन र व्यवसाय खोल्नेतर्फ राष्ट्रपति ट्रम्पले प्रस्तावहरू अघि बढाएका छन् । तर राज्यका गभर्नरसँग यही विषयमा मतभेद उत्पन्न भएको छ ।

यस्तै, इरानमा बिहीबारसम्म ७६ हजार ३८९ संक्रमित भएका छन् भने ४९ हजार ९३३ जना निको भएका छन् । यहाँ ४ हजार ७७७ जनाको मृत्यु भएको छ । बेल्जियम अहिलेसम्म ३३ हजार ५७३ संक्रमित भएका छन् भने  ४ हजार ४४० जना निको भएका छन् । यहाँ संक्रमणबाट ७ हजार १०७ जनाले ज्यान गुमाएका छन् ।

त्यस्तै, जर्मनीमा १ लाख ३४ हजार ७५३ जना संक्रमित भएका छन् भने ७७ हजार उपचारपछि निको भएका छन् । त्यहाँ संक्रमणबाट ३ हजार ८०४ जनाले ज्यान गुमाएका छन् ।

यता कोरोनाको उद्गमस्थल चीनमा अहिलेसम्म ८२ हजार ३४१ जना संक्रमित भएका छन् भने जसमध्ये ७७ हजार ८९२ जना उपचारपछि निको भएका छन् । चीनमा संक्रमणबाट ३ हजार ३४२ जनाले ज्यान गुमाएका छन् । नेदरल्यान्डसमा २८ हजार १५३ जना संक्रमित भएका छन् भने २५० जना उपचारपछि निको भएर घर फर्किएका छन् । यहाँ ३ हजार १३४ जनाले ज्यान गुमाएको तथ्यांक छ ।

यस्तै, पछिल्लो समय दक्षिण एसियाली मुलुकहरू पनि कोरोना संक्रमणबाट प्रभावित बन्दै गएको छ । दक्षिण एसियाली मुलुक भारतमा बिहीबारसम्म १२ हजार ४५६ संक्रमित देखिएका छन् भने यहाँ १ हजार ५१३ जना निको भएका छन् भने ४२२ जनाले ज्यान गुमाएका छन् ।

यस्तै, पाकिस्तानमा पनि संक्रमितहरू बढ्दै गएको छ । यहाँ यो समाचार तयार पार्दासम्म ६ हजार ५०५ जना संक्रमित देखिएका छन् । त्यसमध्ये १ हजार ६४५ जना निको भएका छन् । यहाँ १२४ जनाले ज्यान गुमाएका छन् ।

बंगलादेशमा १ हजार २३१ जना संक्रमितमध्ये ४२ जना निको भएका छन् भने ४९ जनाको मृत्यु भएको बताइएको छ । अफगानिस्तानमा ७८४ जना संक्रमित देखिएका छन् । यहाँ   ४३ जना उपचारपछि निको भएर घर फर्किएका छन् । यहाँ २५ जनाको ज्यान गएको छ । यस्तै, श्रीलंकामा २३८ जनामा संक्रमण देखिएको छ भने ६३ जना निको भएका छन् । यहाँ अहिलेसम्म ७ जनाले ज्यान गुमाएका छन्

माल्दिप्स, नेपाल र भुटानमा अहिलेसम्म एक जनाको पनि ज्यान गएको छैन । माल्दिभ्समा २३ जनामा संक्रमण देखिएकामा १६ जना निको भएका छन् भने नेपालमा अहिलेसम्म १६ जनामा संक्रमण पुष्टि भएको छ । जसमा एकजना निको भएर घर फर्किएका छन् । त्यस्तै, भूटानमा  ५ जनामा कोरोना संक्रमण देखिएकामा २ जना निको भएका छन् ।

नेपालमा कोरोना भाइरसको त्रास

## दुई दिनयता सबै ‘नेगेटिभ’



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा दुई दिनयता कोरोना भाइरस पोजेटिभ देखिएको छैन । पछिल्लो २४  घण्टामा स्वाव परीक्षण विधि (पीसीआर) र ऱ्यापिड डाइग्नोष्टिक विधि (आरडीटी)बाट परीक्षण भएका सबै नमुनाको नतिजा नेगेटिभ देखिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पिसिआर विधिबाट ३ सय ६९ जना र आरडिटी विधिबाट ३ हजार २ सय ६३ वटा नमुना परीक्षण गरिएको छ । यसरी पछिल्लो २४ घण्टामा गरिएका ती परीक्षणमा कुनै पनि ‘पोजेटिभ’ नदेखिएको मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले बताए । मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा बिहीबार प्रवक्ता डा. देवकोटाले २० घण्टा यता कसैमा पनि कोरोना पोजेटिभ नेदेखिएको बताएका हुन् ।

यस्तै, वीरगञ्जको छपकैयामा मात्रै पछिल्लो २४ घण्टामा ४ सय ऱ्यापिड परीक्षण भएको छ । अहिलेसम्म दुवै विधिबाट १९ हजार ३ सय ३२ परीक्षण भएका छन् । जसमा पिसिआर विधिबाट ७ हजार २ सय ४० र आरडिटी विधिबाट १२ हजार १ सय ९२ परीक्षण भएका छन् ।

देशभरी सरकारले आरडिटी परीक्षणको दायरा बढाएको छ । ८ जिल्लाबाहेक सबै जिल्लामा आरडिटी परीक्षण सुरु भएको छ । ताप्लेजुङ, इलाम, सोलुखुम्बु, डोल्पा, मनाङ, रुकुम पूर्व, ओखलढुंगा र खोटाङमा परीक्षण सुरु नभएको प्रवक्ता देवकोटाले बताए ।

काठमाडौं उपत्यकाका १६ वटा नीजि अस्पतालले कोभिड क्लिनिक सञ्चालनको अनुमति पाएका छन् । यसअघि १५ हब अस्पताल, ६४ प्रादेशिक अस्पताल र २२ वटा नीजि मेडिकल कलेजहरूले सञ्चालन अनुमति पाएका थिए । ४ हजार ९ सय १ जना अहिले क्वारेन्टाइनमा रहेका छन् । उपत्यकामा ८ र बाहिर ९५ गरी १ सय ३ जना आइसोलेसनमा रहेका छन् । नेपालमा १६ जना कोरोना संक्रमित रहेकोमा १ जना उपचारपछि घर फर्किएका छन् । हाल १५ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।




## पैदलयात्रीलाई व्यवस्थापन गर्न कांग्रेसको माग

# दैनिक हजारौँ नागरिक विचल्लीमा : आयोग

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले कोरोना भाइरसको सम्भावित संक्रमणबाट बच्न गरिएको 'लकडाउन'का कारण दैनिक ज्यालादारी गरेर खानेहरू घर जानेक्रममा विचल्ली परेकाप्रति सरकारको ध्यानाकर्षण गरेको छ ।

आयोगका सचिव वेदप्रसाद भट्टराईले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा गत ११ चैतदेखि सरकारले गरेको लकडाउन लामो समय भएका कारण सीमित खर्चबाट जीविका गर्दै आएका मानिस घर जानेक्रममा अलपत्र परेका अनुगमनबाट पाइएको जनाएको छ ।

'सीमित खर्च लिइ घर छाडी हिँडेका नागरिकलाई स्थानीय तहबाट राहत वितरणसमेत हुन नसक्दा बिरामी, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती तथा सुत्केरी महिलासहित श्रमिक ठूलो सफ्यामा राजमार्गमा लामो पैदलयात्रा तय गरी दुःख हैरानीका साथ आफ्नो गन्तव्यतर्फ असुरक्षितरूपमा हिँडिरहेका पाइएको छ' आयोगको विज्ञप्तिमा भनिएको छ, 'काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, धादिङ, कपिलवस्तु, बाँके, बर्दिया, कैलालीलगायत कतिपय जिल्लामा सीमा नाकामा कडाइ भई दैनिक हजारौँ नागरिक विचल्लीमा परेको पाइएको छ ।'

अनुगमनका क्रममा काठमाडौं उपत्यकालगायत देशका विभिन्न शहरी क्षेत्रमा रोजगारीका लागि आएका असंगठितरूपमा दैनिक ज्यालादारीमा काम गर्ने मजदूर, स्वास्थ्य उपचारका लागि हिँडेका बिरामी, घर बहालमा बस्ने सीमान्तकृत वर्गका समुदाय थातथलो फर्कने क्रममा बाटोमा अलपत्र परेको अनुगमनबाट देखिएको हो ।

खाद्य अधिकार व्यक्तिको आधारभूत मानव अधिकारका साथै जीवनको अधिकारसँग समेत अन्योन्याश्रित हुने भएकाले नेपालको संविधानले व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान, संरक्षण र सुरक्षा गर्न आयोग तीनै तहका सरकारसँग आग्रह गरेको छ । कोरोना भाइरसका कारण उत्पन्न वर्तमान परिस्थिति र संकटको अवस्थामा सरकारद्वारा घोषित लकडाउनको पूर्ण पालना गर्न/गराउन तथा आफ्नो अधिकारको प्रयोग गर्दा प्रत्येकले आफ्नो कर्तव्य र दायित्वसमेतको पालना गर्न आयोगले सबै पक्षलाई आग्रह गरेको छ ।




सरकारबाट लकडाउनको अवस्थामा आफू जहाँ बसेको हो त्यही बस्ने भने पनि आवश्यक खाद्य सामग्रीसहितको राहत उपलब्ध हुन नसक्दा मानिसले जोखिमपूर्ण यात्रा गर्नुपरेको देखिएको छ । व्यवस्थित राहत वितरणमा संघ, प्रदेश र स्थानीय तहमा पर्याप्त समन्वयको अभाव देखिन आएको छ । आफ्नो इलाकामा अस्थायीरूपमा बसोवास गर्ने प्रत्येक व्यक्ति र परिवारकोसमेत लगत संकलन गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकताअनुरूप राहत उपलब्ध गराउन आग्रह गरिएको छ ।

यस्तै, नेपाली कांग्रेसले पनि दैनिक ज्यालादारी, असंगठित क्षेत्रका श्रमिक तथा रोजगार गुमेपछि आफ्नो घर पुग्न लामो पैदल यात्रारत् नागरिकका लागि बसोबास तथा खानपिनको उचित व्यवस्थापन गर्न सरकारसँग माग गरेको छ ।

कोभिड-१९ जोखिम हुन नदिन लकडाउन जारी रहेपछि विशेष गरी ती वर्गका नागरिकलाई धेरै समस्या परेको जनाउँदै पार्टीले सो माग गरेको हो । कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाँणले बिहीबार विज्ञप्तिमार्फत कोरोना भाइरसको जोखिमलाई बढ्न नदिन लामो समय लकडाउनको घोषणा गरिए पनि उचित व्यवस्थापन गर्न नसकेका कारणले जनता पीडामा रहेका उल्लेख गरेका छन् ।

उनले सरकारले कोभिड-१९को जोखिम न्यूनीकरण, रोकथाम तथा उपचारको व्यवस्थापनका लागि पर्याप्त समय पाउँदा पनि जनताको सुरक्षाका लागि प्रभावकारी तयारी गर्न नसकेको तथा स्वास्थ्य सामग्री तथा उपकरण खरिद व्यवस्थापनमा ढिलाइ भएको आरोप लगाएका छन् ।

'हालको परिस्थितिमा सरकारको पहिलो काम भनेको जनताको र राष्ट्रको सुरक्षा गर्ने हो । सरकार यस्तो गम्भीर एवं संकटको समयमा केही आयोगको गठन गरी आफ्ना निकटस्थलाई राजनीतिक व्यवस्थापन र जागिर खुवाउने मनसुवाबाट अगाडि बढेको देखिन्छ । अहिले सरकारको मूल कार्य महामारी नियन्त्रण, न्यूनीकरण र संक्रमितहरूको उपचार गर्नु हो' कांग्रेस संसदीय दलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

वर्तमान विषम परिस्थितिमा प्रमुख प्रतिपक्षलगायत सबै राजनीतिक दल, नागरिक समाज र आम नागरिकले अपूर्व सहयोग गरेको अवस्थामा पनि सरकार गम्भीर बन्न नसकेको टिप्पणी गर्दै काँग्रेसले सरकारलाई गम्भीर बन्न आग्रह गरेको छ ।

# एसइई परीक्षा सञ्चालनबारे छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरोना भाइरसको जोखिमका कारण स्थगित माध्यमिक शिक्षा परीक्षा (एसइई) लाई स्थिति सहज भएपछि कसरी सञ्चालन गर्ने बारेमा संघय र प्रदेश सरकारका सम्बन्धित मन्त्रीबीच बिहीबार छलफल भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलको पहलमा आज सातै प्रदेशका सामाजिक विकास मन्त्रीसँग भएको भिडियो कन्फरेन्स्मा कक्षा ११ को नियमित भर्ना साउन-भदौ महिनामा हुँदै आएमा तत्काल एसइई परीक्षा नहुँदा आत्तिनुपर्ने स्थिति नभएको बताए । उनले यसलाई कसरी व्यवस्थित सञ्चालन गर्ने भन्ने विकल्पमा तयारी गर्नुपर्ने सुझावहरू प्राप्त भएको बताए ।

मन्त्रालयका प्रवक्ता दीपक शर्माका अनुसार उक्त अनौपचारिक छलफलमा लकडाउन खुलेको केही हप्तापछि मात्रै परीक्षा सञ्चालन गर्न वा केही अनिवार्य विषयमा परीक्षा लिएर बाँकी ऐच्छिक विषयलाई विद्यालयले गर्ने आन्तरिक मूल्याँकनको औसत आधारमा जोडेर ग्रेड निर्धारण गराउन वा सबै विषयलाई विद्यालयले सञ्चालन गरेको पूर्व बोर्ड परीक्षा वा आन्तरिक मूल्याँकङ्नलाई आधारमा मानेर ग्रेड दिन सकिने सुझाहरू दिइएको छ ।

कतिपय प्रदेशका मन्त्रीले सम्बन्धित विद्यालयमै प्रश्नपत्र पठाएर वा पूर्व निर्धारित परीक्षा केन्द्रलाई पुनः वितरण गरी डेरामा बस्न जान नपर्ने गरी नजिकमा केन्द्र राखेर परीक्षा सञ्चालन गर्न सकिने सुझाव दिएका थिए । सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्रीले भने हाल आफ्नो प्रदेशमा कोरोना भाइरसको जोखिम बढिरहेकाले परीक्षाबारे तत्काल सोच्न नसकिने जनाएका थिए ।

छलफलमा सहभागी राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले मन्त्रीहरूका सुझाव र आगामी दिनको वस्तुस्थिति हेरेर सरकारसँग समन्वय गरी बोर्डले परीक्षाबारे उचित निर्णय गर्ने रासससलाई बताए । 'अहिले कुनै निर्णय भएको छैन । विभिन्न विकल्प आएका छन् । हामी ती सबैको अध्ययन गर्नेछौं, उनले भने । परीक्षा सञ्चालनका विकल्पबारे विभिन्न विज्ञ र सरोकार भएकाहरूबाट सुझावहरू आइरहेको छ ।

गत ६ चैतदेखि १७ गतेसम्म हुने गरी सञ्चालनका लागि सबै तयारी पूरा भएपनि भाइरसको जोखिमका कारण उच्चस्तरीय समन्वय समितिको बैठकले ५ चैतमा निर्णय गरी परीक्षा स्थगन गराएको थियो । सो परीक्षाका लागि चार लाख ८२ हजार २१९ विद्यार्थीले आवेदन दिएका थिए भने एक हजार नौ सय ९५ परीक्षा केन्द्र निर्धारण गरिएको थियो ।

बोर्डले गत ८ चैतदेखि हुने कक्षा १२ र २५ चैतदेखि हुने भनिएको कक्षा ११ को परीक्षा पनि लकडाउनका कारण स्थगन गरेको थियो । विश्वविद्यालयहरूका परीक्षा पनि स्थगन गरिएका छन् ।

मन्त्री पोखरेल र प्रदेशमन्त्रीहरूबीच नयाँ शैक्षिक सुरु भएपनि विद्यालय खुल्न सक्ने स्थिति नभएकाले अनलाइन प्रविधिको वैकल्पिक माध्यमबाट कसरी शिक्षण गर्न सकिन्छ भन्नेबारेमा पनि छलफल भएको थियो । प्रदेशगत शैक्षिक र सामाजिक समस्याका बारेमा पनि उनीहरूबीच विचार विमर्श भएको थियो । मन्त्रालयले वैकल्पिक विधिको भर्जुअल शिक्षा सञ्चालनका लागि सुझव दिन काठमाडौं विश्वविद्यालयका उपकुलपतिको संयोजकत्वमा कार्यदल गठन गरेको छ ।

# मन्त्री अर्यालद्वारा नवनियुक्त पदाधिकारीलाई निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले नवनियुक्त भूमिसम्बन्धी समस्या समाधान आयोगका पदाधिकारीलाई आधारभूत वर्गको हितमा काम गर्न निर्देशन दिएकी छन् ।

मन्त्रालयमा बिहीबार आयोजित आयोगका पदाधिकारीको परिचयात्मक कार्यक्रममा आयोग गठनको उद्देश्यअनुरूप लामो समयदेखि भूमिबाट बञ्चित रहेका उत्पीडित वर्गका पक्षमा काम गर्न उनले निर्देशन दिएकी हुन् ।

मन्त्री अर्यालले विगत सात दशकदेखि निम्न आधारभूत वर्ग समस्यामा रहेकाले ती वर्गलाई सामाजिक न्याय दिने कुरा पहिलो प्राथमिकता हुनुपर्ने बताइन् । साथै, तीन वर्षको आयोगको कार्यावधिमा प्रत्येक वर्ष केके काम, कसरी गर्ने भनेर योजना बनाएर आयोगका कार्य अगाडि बढाउनसमेत उनले निर्देशन दिइन् । सरकारले महत्वपूर्ण अभिभारा सुम्पेको भन्दै मन्त्री अर्यालले विगतमा स्पष्ट कानूनको अभावमा तत्कालीन आयोगले अपेक्षाकृत काम गर्न नसकेको उल्लेख गर्दै अहिले आवश्यक कानून बनाएर यो काम अगाडि बढाइएको स्पष्ट पारेकी छन् ।

यस्तै, भूमिसम्बन्धी समस्या समाधान आयोगका नवनियुक्त अध्यक्ष देवी ज्ञवालीले मन्त्रालयले महत्वपूर्ण अभिभारा प्रदान गरेकामा सरकारलाई धन्यवाद दिँदै सरकारको राष्ट्रिय संकल्पअनुसार आधारभूत वर्गको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । मन्त्रालयका सचिव केदार न्यौपानेले वर्षौंदेखि रहँदै आएको भूमिहीन, सुकुम्बासीको समस्या समाधान गर्न आयोग र मन्त्रालयले एक भएर काम गर्ने बताए । सरकारले ज्ञवालीको अध्यक्षतामा गठन गरेको आयोगको सदस्यमा सदस्यमा भीमबहादुर कार्की, जगत देउजा, मञ्जली शाक्य र दिनेशचन्द्र यादव रहेका छन् ।

## आजको राशिफल



**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क– ९८४९२६८९८२)**

२०७७ वैशाख ५ गते शुक्रबार
बैशाख कृष्ण दशमी तिथि ।
सन् २०२० अप्रिल १७ तारिख ।

| | |
|---|---|
| **मेष** | असफल काम बन्ने, झुटो आरोप । |
| **वृष** | अनावश्यक तनाव, प्रेम असफल । |
| **मिथुन** | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| **कर्कट** | शत्रु पराजय, भ्रमण । |
| **सिंह** | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| **कन्या** | पारीवारीक सुख, सन्तान प्राप्ती । |
| **तुला** | मानसम्मान मिल्ने, सन्तान सुख । |
| **वृश्चिक** | आकसमीक लाभ, दाम्पत्य सफल । |
| **धनु** | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| **मकर** | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| **कुम्भ** | काममा जोशजागर, पठनपाठनमा प्रगती |
| **मीन** | ज्ञान आर्जन, सन्तान सुख । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

बैशाख ५ गते, २०७७ ( १७ अप्रिल २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**निसान पूजा** | कोभिड-१९ संक्रमणका कारण लकडाउन भएपनि भगवान माथि आस्थालाई निरन्तरता दिँदै ललितपुरको पुल्चोकस्थित सडक छेउमा रातो मचिन्द्रनाथको रथको निसान पूजा गर्दै पुजारी । तस्बिर : प्रदीपराज वन्त

# ‘पाँच किलो चामलले कति दिन खानु सरकार ?’

■ सन्तोष शर्मा



**बनियानी**–झापाको भद्रपुर नगरपालिका-५ स्थित नयाँबस्तीका विपन्न परिवारलाई अहिले बिहानबेलुकाको छाक टार्न धौधौ पर्न थालेको छ । कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेदेखि बन्दाबन्दी घोषणा गरेपछि कामविहीन भएसँगै उनीहरूको दैनिकी अहिले कष्टकर बन्दै गएको हो । यहाँ करीब ३५ परिवारको बसोबास छ । उनीहरू सबैको आम्दानीको स्रोत ज्याला-मजदुरी हो ।

‘लकडाउन भएको केही दिन त घरमा भएको पैसाले खाइयो’, उनीहरू भन्छन्, ‘ बाहिर निस्किन मिल्दैन, काम नभएपछि के गरी खानू, दिनरात चिन्ता यही कुराको छ ।’ अन्य गाउँपालिका र नगरपालिकाको तुलनामा नयाँबस्तीबासीले थोरै राहत सामग्री पाएका छन् । लकडाउन घोषणा भएको २४ औं दिनका अवधिमा उनीहरूले पाँच केजी चामल, एकएक केजी दाल र  नून, आधा लिटर तेल र एउटा साबुन मात्र पाएका हुन् ।

‘चार/सात जनाको परिवारलाई पाँच केजी चामलले के हुन्छ ?’, स्थानीयवासी पूर्णिमा शर्मा भन्छिन्, ‘राहत त पाइयो तर... ।’ यहाँका बासिन्दाले भने लकडाउनको पूर्णपालना गरिरहेको उनी बताउँछिन् । जरुरी कामबाहेक कोही घरबाट ननिस्कने गरेको र काम पर्दा मात्र जाने गरेको उनले बताईन् ।

भद्रपुर ५ नम्बर वडाध्यक्ष बन्धु कार्कीले पहिलो चरणमा राहत वितरणका लागि वडामा एक हजार १२० विपन्न परिवारको नाम संकलन गरिएको बताए । ‘त्यसमा अलिक पछि राहत दिँदा हुने छनोट गरेर ८३० जनाको नामावली तयार गऱ्यौँ’, वडाध्यक्ष कार्कीले भने, ‘नगरपालिकाले जम्मा २०० जनाका लागि मात्र राहत पठायो ।’ पहिलो चरणमा नगरपालिकाले १० केजी चामल, एकएक केजी दाल र  नून, एक लिटर तेल र  एउटा साबुन दिने निर्णय गरेर राहत पठाएको उनी बताउँछन् । ‘८३० जनाको नाम छ, आयो २०० जनाका लागि’, उनले भने, ‘उक्त परिमाणलाई आधा बनाएर चार सय जनालाई वितरण गऱ्यौं ।’

जनप्रतिनिधि र  स्थानीय संघसंस्थाको सहयोगमा हालसम्म ७९९ परिवारलाई राहत वितरण गरिएको उनको भनाइ छ । स्थानीय बलभद्र युवा क्लबको सहयोगमा थप ६० परिवारलाई भर्खरै राहत दिइएको वडाध्यक्ष कार्कीको भनाइ छ । ‘जनताले विश्वास गरेर मत दिएका छन्’ उनले भने, ‘अहिले समस्या परेका बेला सहयोग गर्न सकिएन भने त्यसको अर्थ रहँदैन, सकेसम्म वडाबासीलाई राहत दिन्छु ।’

छिमेकी वडा नं ८ नम्बरले पहिलो चरणमा २७० परिवारलाई राहत दिएको छ । प्रतिपरिवार सात केजी चामल, दाल, नून एकएक केजी, एक लि तेल र एउटा साबुन दिइएको वडाध्यक्ष गौरव सुब्बाले जानकारी दिए । यसैबीच भद्रपुर नगरपालिकासँग सीमा जोडिएको मेचीनगरले ५० लाख, बिर्तामोडले ५० लाख र कचनवल गाउँपालिकाले ३० लाखको कोरोना नियन्त्रण, रोकथाम तथा राहत कोष बनाएका छन् भने भद्रपुरले चाहिँ १५ लाखको मात्र कोष स्थापना गरेको छ । न्यून रकमको कोष निर्माण गरिएकाले पनि भद्रपुरमा दाताको मुख ताक्नुपर्ने अवस्था रहेको स्वयं जनप्रतिनिधि स्वीकार्छन् । ‘भौतिक पूर्वाधार विकासभन्दा पनि जनताको जीवन रक्षा अहिलेको मुख्य विषय हो’, वडाध्यक्ष कार्की भन्छन्, ‘तर कोषमा रकम वृद्धि गर्न नगरको ध्यान गएको छैन ।’ रासस

# लकडाउन उल्लंघन गर्नेलाई सडकमै ‘पुसअप’

■ प्रभाव संवाददाता

**बुटवल**–समूह बनाएर मर्निङ वाकमा निस्केका ५० जनालाई प्रहरीले सडकमै पुसअप गराएर कारवाही गरेको छ ।

सरकारले घोषणा गरेको लकडाउनलाई उल्लंघन गर्दै उनीहरू समूहमा मिलेर मर्निङ वाकमा निस्केका थिए । उनीहरूलाई अबदेखि घरमै बस्न सचेत गराएर छाडिएको सशस्त्र प्रहरी बल नेपाल नं. ३८ गुल्म (राजस्व तथा भन्सार गस्ती सुरक्षा) रूपन्देहीका सशस्त्र प्रहरी नायब उपरीक्षक मानबहादुर शाहीले बताए ।

सरकारले लगाएको लकडाउन थाहा पाउँदा पाउँदै पनि उनीहरू अटेर गरि मर्निङ वाकमा निस्केका थिए । ठुलो समूह बनाएरै सिद्धार्थनगर नगरपालिका-१ बाइपास सडकमा उनीहरू लकडाउन तोडेर निस्केका थिए ।

उनीहरूलाई प्रहरीले कारवाही स्वरूप पुसअप गर्न लगाएका थिए भने, अब आइन्दा घरबाट बाहिर ननिस्कनु भनी सम्झाई बुझाई घर पठाइएको थियो ।



उपरीक्षक शाहीले लकडाउन प्रभावकारी बनाउन अब अझ ससक्त ढंगले जाने जानकारी गराए । लकडाउनलाई पूर्ण रूपमा पालना गराउन अझ कडा रूपमा जाने उनको भनाई थियो । प्रहरीको कारबाहि पछि उनीहरू घर फर्किएका थिए ।

# कोरोनाबाट अर्को भूपूगोरखा सैनिकको मृत्यु

**काठमाडौं**– बेलायतको लण्डनमा कोरोनाका कारण थप एक भूपू गोरखा सैनिकको मृत्यु भएको छ ।

लण्डनको प्लमस्टिडमा बस्दै आएका अन्दाजी ५५ वर्षीय लक्ष्मण श्रेष्ठको उपचारका क्रममा गाइज अस्पतालमा बुधबार मृत्यु भएको श्रेष्ठसँग एउटै पल्टनमा काम गरेका भूपूगोरखा सैनिक भोज बरालले जानकारी दिए ।

स्याङ्जा स्थायी घर भई केही वर्ष पोखरा लेकसाइड बसाइँ सरेका श्रेष्ठ हाल लण्डनमा बस्दै आएका थिए ।

गत दुई हप्तादेखि खोकी र ज्वरो आएर अस्पताल भर्ना भएका श्रेष्ठलाई पछिल्लो समय भेन्टिलेटरमा राखी उपचार गरिए पनि कुनै सुधार नभएको बरालले बताए । अहिलेसम्म सार्वजनिक भएअनुसार कोरोनाकै कारण बेलायतमा निधन हुने नेपाली १० पुगेका छन् । तीमध्ये सात पूर्वगोरखा सैनिक छन् । रासस

# दशगजा क्वारेन्टाइनका १८१ को रिपोर्ट नेगेटिभ



■ प्रभाव संवाददाता

**बाँके**–१५ दिनअघि नेपाल-भारत सीमा क्षेत्र दशगजास्थित क्वारेन्टाइनमा राखिएका १८१ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडिटी) रिपोर्ट नेगेटिभ देखिएको छ । क्वारेन्टाइनमा राखिएकाहरू सबै भारतबाट मजदूरी गरेर फर्किएका हुन् ।

भेरी अस्पताल, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल र उपमहानगरबाट खटिएका स्वास्थ्यकर्मीको टोलीले करीब चार घण्टा लगाएर आरडिटी  गरेको थियो । उनीहरू सबैको आरडिटी किटबाट परीक्षण गरिएको बताइएको छ । नेपालगञ्ज उपमहानगरपालिकाको समन्वयमा गरिएको आरडिटीमा सबैको रिपोर्ट नेगेटिभ देखिएपछि उनीहरूलाई विहिबारै आआफ्नो घर फर्काउने स्थानीय प्रशासनले तयारी थालेको हो ।

उपमहानगरपालिका, स्वास्थ्य शाखा प्रमुख एवं जनस्वास्थ्य अधिकृत रामबहादुर चन्दले पन्ध्रौँ दिनमा आरडिटीमा सबैको रिपोर्ट नेगेटिभ आएपछि क्वारेन्टाइनमा बसेका नेपालीले आफूहरूमा कोरोना संक्रमण नरहेको र घर फर्किन पाउने भएकाले खुशी व्यक्त गरेको बताए ।

# विदेशबाट फर्किनेको तथ्यांक अझै आएन

■ केदार मगर

**खोटाङ**–बराहपोखरी गाउँपालिकामा काठमाडौंबाट फर्किएका तीन जनालाई क्वारेन्टाइनमा राखिएको छ । साइकलबाट तीन दिन लगाएर गाउँ आइपुगेका उनीहरूलाई वडा नम्बर-४ फाक्टाङस्थित बालकन्य मावि धर्तुङमा निर्माण गरिएको क्वारेन्टाइनमा मंगलबारदेखि राखिएको हो । उनीहरूलाई काठमाडौंबाट घर आउनेक्रममा बाटैबाट क्वारेन्टाइनमा लगेर राखिएको गाउँपालिका उपप्रमुख गोमा मगरले बताईन् । ‘बाहिरबाट आएका जोसुकैलाई क्वारेन्टाइनमा राख्ने निर्णय गरिएको छ’ उनले भनिन्, ‘ उनीहरूलाई खाने, बस्ने तथा स्वास्थ्य उपचारको व्यवस्था गाउँपालिकाले गरिरहेको छ ।’

यस्तै, विदेशबाटै फर्किएका खोटेहाङ गाउँपालिकाका तीन जनालाई पनि मंगलबारदेखि नै क्वारेन्टानमा राखिएको छ । वडा नम्बर-९ लिच्कीराम्चेको माविमा बनाइएको क्वारेन्टाइनमा दुई जना र वडा नम्बर-७ खोटाङबजारस्थित स्वास्थ्यचौकीमा निर्माण गरिएको क्वारेन्टानमा एक जनालाई राखिएको हो ।

चितवनबाट पैदल यात्रा गर्दै घर आएका दुई जनालाई क्वारेन्टाइनमा राखिएको लिच्कीराम्चेका वडाध्यक्ष गोपीकृष्ण राईले बताए । उनीहरूसँगै गाउँ आएका अर्को व्यक्तिलाई पनि क्वारेन्टाइनमा राख्ने तयारी भइरहेको जनाइएको छ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको क्वारेन्टाइनमा पछिल्लो समय एक जना थपिएका छन् । बिराटनगरबाट गाउँ आएका एक युवालाई गत मंगलबारदेखि क्वारेन्टाइनमा राखिएका गाउँपालिका प्रमुख भुपेन्द्र राईले बताए । उनलाई वडा नम्बर-१ याम्खास्थित स्वास्थ्यचौकीको क्वारेन्टाइनमा राखिएको गाउँपालिकाले जनाएको छ । हाल याम्खा स्वास्थ्यचौकीको क्वारेन्टाइनमा नौं जना बसिरहेका छन् भने वडा नम्बर-५ सछितापोखरीस्थित जनचेतना प्रावि तृतीय भञ्ज्याङमा बनाइएको क्वारेन्टानमा छ जना बसिरहेका छन् ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा क्वारेन्टाइन बस्नेमा जिल्लाकै सबैभन्दा बढी १५ जना पुगेको छ । जिल्लाका हरेक स्थानीय तहले क्वारेन्टाइन बस्नेलाई खाने, बस्ने र स्वास्थ्य परीक्षणको व्यवस्था गरेको छ । हालसम्म हलेसी तुवाचुङ नगरपालिकामा नौं जना, केपिलासगढी गाउँपालिकामा चार र साकेला गाउँपालिकामा एकलाई क्वारेन्टाइनमा राखिएको छ ।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा अहिलेसम्म पनि विदेशबाट फर्किने व्यक्तिको संख्या यकिन भएको छैन ।

मुख्य नाका छलेर आउनेक्रम अझै जारी रहेकाले तथ्यांक आउन बाँकी रहेको कोरोना रोकथाम तथा नियन्त्रा जिल्ला समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समिति खोटाङका प्रमुख बबि चाम्लिङले बताए । ‘चैतयता विदेशबाट फर्किनेको सफ्या सङ्कलन गर्न सबै स्थानीय तहलाई पत्राचार गरिएको छ’ उनले भने, ‘लुकीछिपी घर आउनेक्रम अझै जारी रहेकाले तथ्यांक आउन बाँकी रहेको हो ।’

जिल्लाका १० स्थानीय तहमा ३७५ शैयाको क्वारेन्टाइन तथा २० शैयाको आइसोलेसन वार्ड तयार पारिएको छ । तर, हालसम्म छ गाउँपालिकाले विदेशबाट फर्किएका स्थानीय बासिन्दालाई क्वारेन्टाइनमा राख्न सकेको छैन । विदेशबाट फर्किएका अधिकांश व्यक्ति घरैमा बसिरहेका छन् । स्थानीय तहले विदेशबाट फर्किएका व्यक्तिलाई पनि सेल्फ क्वारेन्टाइन भन्दै घरमा बस्ने छुट दिएपछि क्वारेन्टाइनमा बस्नेको संख्या न्यून देखिएको हो ।

यसैबीच, जिल्लाका दश वटै स्थानीय तहमा गत चैत महिनायता विदेशबाट घर फर्किएका व्यक्तिको र्‍यापिड डाइग्नोस्टिक टेष्ट (आरडिटि) शुरु गरिएको छ । उनीहरू रहेको स्थानीय तहमै पुगेर परीक्षण गर्नेगरी शुरु गरिएको अभियान अन्तरगत बिहीबार जन्तेढुङ्गा गाउँपालिकाको १९ जना व्यक्तिमा गरिएको आरडिटि रिपोर्ट नेगेटिभ आएको जनाइएको छ ।

प्रदेश सरकारले १२० वटा किट पठाएपछि जिल्लामा पहिलो चरणमा सोही अनुसार १२० जनाको परीक्षण गरिने जिल्ला स्वास्थ्य कार्यालय खोटाङका प्रमुख पुण्यप्रसाद सिक्देलले जानकारी दिए ।

प्रदेश सरकारले पहिलो चरणमा पठाएको किट अपुग भएकाले थप गर्न माग गरिएको जनाइएको छ । रासस

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# युएनका नेपाली मात्रै नेपाली ?

**सरकारले अफगानिस्तानस्थित युएनमा काम गर्ने नेपालीलाई घर आउन दिने भएको छ । कस्तो गज्जबको कुरा । सरकारले अफगानिस्तानमा कार्यरत नेपालीलाई मात्र नेपाल आउन दिने भन्नु सरकारको सोह्रै आना गलत निर्णय गरेको छ । अफगानिस्तानस्थित युएनमा कार्यरतलाई मात्र नेपाल आउन दिने अरुलाई भने आउन नदिने भन्नु सरकारको सबैभन्दा ठूलो गलत काम हुनेछ । नेपाल सरकारको गर्जो टार्ने भनौं मुलुक सञ्चालन गर्नका लागि रेमिट्यान्स भित्र्याउने युवाहरू अहिले खाडी मुलुकमा असरल्ल छरिएका छन् । त्यस्तै सरकारले अष्ट्रेलियाबाट नेपाली झिकाउने तयारी पनि गरिरहेको छ । पहुँचवालाहरूका छोराछोरी अष्ट्रेलियामा छन् । उनीहरूलाई उद्धार गर्न तत्पर सरकारले रेमिट्यान्स भित्र्याउने नेपालीमाथि चाहिँ किन अछूतको व्यवहार ? अष्ट्रेलिया र अमेरिकामा जाने युवाहरूले मुलुकमा रेमिट्यान्स भित्र्याएका छैनन् । त्यहाँ त लाखौं रूपैयाँ खर्च गरेर पढ्न गएका हुन् ।**

**त्यसमाथि अष्ट्रेलिया र अमेरिकामा नेताहरूको छोराछोरी गएका छन् । उनीहरूले नेपालको मुद्रा बाहिर लैजाने काम गरिरहेका छन् । उनीहरूले रेमिट्यान्स भित्र्याउने होइन, उनीहरू सम्बन्धित देशमा रेमिट्यान्स भित्र्याउने काम गरिरहेका छन् । नेताहरूले आफ्ना छोराछोरीलाई नेपाल ल्याउनका लागि यस्तो काम गरेका हुन् । यदि सरकारमा नैतिकता छ भने नेपालमा रेमिट्यान्स भित्र्याउने युवाहरूलाई पहिला नेपाल भित्र्याउनुपर्छ । उनीहरूको उद्दार गऱ्यो भने भोलि वैदेशिक रोजगार अनुकूल भएपछि त्यहि युवाहरू फेरि रेमिट्यान्सका लागि विदेसिन्छन् । तर, अष्ट्रेलिया र अमेरिका गएकाहरूले भने मुद्रा बाहिर लैजाने मात्र काम गरिरहेका छन् । झन् नेपालमा आमा, बाबु भ्रष्टाचार गरेर अकूत पैसा कमाएर हुन्डीमार्फत अष्ट्रेलिया पैसा पठाउने र त्यहाँबाट वैधानिक बाटोमार्फत रकम भित्र्याएर कालो धनलाई सेतो बनाउने काम तिनै अष्ट्रेलिया र अमेरिकामा जाने नेताका छोराछोरीले गरिरहेका छन् । आज तिनीहरूकै छोराछोरीलाई उद्धार गर्ने सोचमा सरकार पुगेको छ ।**

**सरकारले अफगानिस्तानमा संयुक्त राष्ट्रसंघ (युएन) का विभिन्न कार्यालयहरूमा काम गर्ने नेपालीहरूलाई स्वदेश आउन दिने भएको छ । सरकाले यस विषयलाई निर्णय नै गरेको छ । आज खाडीमा बेरोजगारले इन्तु न चिन्तु बनेका युवाहरूलाई उद्धार गर्न सरकारले चाहेको छैन किनभने त्यहाँ त पहुँचवालाहरूको छोराछोरी गएकै छैनन् । पहुँच नभएकाहरूलाई सरकारले वास्ता गर्ने काम गरिरहेको छन । अफगानिस्तानमा रहेका युएनअन्तर्गत काम गरिरहेका नेपाली नागरिकहरू उद्धार गर्न युएन एजेन्सीबाट अनुरोध भएर आएको बताइएको छ । तर, सरकारले यो देश चलाउन ठूलो योगदान दिने युवाहरूको बारेमा सोच्नुपर्दैन ? के तिनीहरू साँच्चिकै सौतनी छोराछोरी हुन् ? सरकारले सबै नेपालीलाई एउटै व्यवहार गर्नुपर्छ । पहुँचवालाहरूको पक्षमा मात्र काम गर्ने भए कानुनी राज्यको आवश्यकता किन पऱ्यो ? यसबारे अब जनताले बोल्नुपर्ने भएको छ । सरकारले अफगानिस्तानमा काम गर्न जान रोक लगाएको छ । तर गैरकानुनी हिसाबले सैयौं नेपालीहरू काम गर्न अफगानिस्तान पुगेका छन् । त्यहाँ पुगेका नेपालीहरू विदेशी कूटनीतिक नियोग र अफगानिस्तानका खटिएका विदेशी सैनिक शिविरमा काम गर्छन् । अवैधलाई उद्दार, वैधलाई बेवास्ता गर्ने हो भने सरकारमाथि पनि अब प्रश्न उठाउने बेला भएको छ ।**



▶▶ सागरमणि पाण्डेय/सन्तोष पाठक

# नेपाल–भारत सीमा व्यवस्थापन जरुरी

हाम्रो देश नेपालको उत्तरतर्फ सिमाना रहेको छिमेकी मुलुक चीनको हुवान प्रान्तबाट सुरु भएको बिश्वव्यापी महामारी रोग कोरोना भाइरस अर्थात् कोभिड-१९ विश्वका २ सय १० मुलुकमा फैलिसकेको छ । वर्तमान समयमा विश्व कोरोना भाइरसबाट लडिरहेको बेला नेपाल पनि मुलुकका लागि चिन्ताको विषय बनेको छ ।

वर्षौंदेखि रहेको सिमाना विवाद नटुंगिने अहिले कालापानी, लिम्पियाधुरा, सुस्तालगायत क्षेत्र नेपालको भूगोल थियो भन्ने न्यारेटिभ बनाउनुको हामीसँग विकल्प छैन । ती क्षेत्रमा भारतीय सेनाले आफ्नो ब्यारेक बढाइरहँदा नेपाल सेना भने मौन

महाशक्ति राष्ट्रहरूलगायत युरोपेली राष्ट्रहरू पनि यस कोरोना भाइरससँगको लडाइँ सजिलै जित्न नसकिने भइयो भनेर हायल कायल अवस्थामा छन् । अमेरिकाले आफ्ना २ लाख नागरिकको ज्यान लिने अनुमान गरेको छ भने जापानले स्वास्थ्य आपत्कालको घोषणा गरेको छ ।

अछुतो रहन सकेन । नेपालमा पनि अन्य मुलुकको तुलनामा संक्रमित संख्या कम रहे पनि यसबाट हामी पार पाइसकेको अवस्था भने होइन । बाह्य मुलुकबाट आएका संक्रमित व्यक्तिबाट सरेको यो रोग हाम्रा दुई छिमेकी मुलुक भारत र चीनबाट आएका संक्रमित व्यक्तिहरूका कारण पनि जोखिम बढेको छ । यद्यपि चीनको सिमानाबाट भन्दा दक्षिणतिर भीमकाय मुलुक भारत जहाँ १३० करोड जनसंख्या रहेको छ, उक्त मुलुकसँग हाम्रो देशको १, २, ३, ४, ५, ७ को सिमाना खुल्ला र अव्यवस्थित रहेको कारण जोखिम झन् बढ्दो छ ।

महाशक्ति राष्ट्रहरूलगायत युरोपेली राष्ट्रहरू पनि यस कोरोना भाइरससँगको लडाइँ सजिलै जित्न नसकिने भइयो भनेर हायल कायल अवस्थामा छन् । अमेरिकाले आफ्ना २ लाख नागरिकको ज्यान लिने अनुमान गरेको छ भने जापानले स्वास्थ्य आपत्कालको घोषणा गरेको छ । यस महामारीले ठूलो संख्यामा मानिस संक्रमित मात्र बनाएको छैन, त्यही क्रममा ज्यान पनि लिएको छ । संसार नै एक किसिमले अस्तव्यस्त छ । १ लाखभन्दा बढीले ज्यान गुमाइसकेको अवस्था छ । एउटा सुखद पाटो नेपालमा १६ जनामा मात्र कोरोना संक्रमण देखापरेको छ । साथै यसको निराशाजनक पक्ष भनेको संसारभरिका वैज्ञानिकहरू लागिपर्दा आजसम्म पनि यसको औषधि पत्ता नलाग्नु र हाम्रो छिमेकी भारतमा यो क्रमशः फैलिएकाले गर्दा पनि हो ।

खुल्ला सिमाना यथार्थमा अव्यवस्थित सिमानाका रूपमा रहेको छ । सीमा वारपार आवत्‌जावत गर्न दुवैतर्फका मानिसलाई रोकटोक परापूर्वकालदेखि नै छैन । रोटी र बेटीको सम्बन्ध भएका दुई मुलुक हाल विश्वव्यापीरूपमा फैलिएको रोग र खुल्ला सिमाना अव्यवस्थित हुनु दुवै थियो । वास्तवमै नेपाली सेनाको स्पष्ट न्यारेटिभ बन्न सकेन कि सेनाको मुख्य दायित्त्व के हो ? देशको सुरक्षा गर्ने भन्ने भनाइ रहे पनि कोबाट कस्तो अवस्थामा र कुन क्षेत्रफल जोगाउन हो भन्ने विषयमा स्पष्ट न्यारेटिभ नबनाएको नेपाली सेना काठमाडौंको भद्रकालीको सेनापतिको कार्यालय वरिपरि परेड खेल्न मै सिमित रह्यो । नत्र भने नेपाल एकीकरणदेखि सुगौली सन्धि हुँदै जंगे स्तम्भ गाड्दै सधैं खुकुरी बोकेर जागा रहने नेपाली सेनाको नाक मुन्तिरबाट कालापानी क्षेत्र भारतले कसरी कब्जा गर्न सक्यो । त्यसको निरन्तरताका बीच पनि नेपाली सेना किन कहिल्यै बोलेन ? सेनाले बोल्दैन भन्ने न्यारेटिभ बनाएपछि के सजिलो भयो भने देशको भूगोल छिमेकीले कब्जा गरिरहँदा पनि तिनै हजारौं सेनापतिलाई मानार्थ सेनापति मान्दै भोजभतेर आदान-प्रदान गर्न पाइयो । जनताको आन्तरिक र राजनीतिक मामिलामा नबोल्ने हो त देशको सार्वभौमिकतामाथि हस्तक्षेप हुँदा आँखा चिम्लेर बस्ने कस्तो न्यारेटिभ बनाएको हो नेपाली सेनाले ? उसले अब त्यो बदल्नुपर्छ ।

नेपाल-भारत खुला सिमानाको समस्या बहुआयामिक छन् र व्यवस्थापन गर्ने उपाय पनि त्यति सजिला छैनन् । यो आंशिक रूपमा नियन्त्रित भए पनि यसको स्वभाव खुला नै हो । जहाँ लाखौं लाख मानिस एकअर्काको सीमा वारपार गर्छन् र जसले एकअर्काका देशमा कुनै आधिकारिक प्रमाणबिना काम गर्छन्, त्यसलाई खुला नै भन्नुपर्छ । यो छिद्रित (पोरस) सिमाना होइन । तर, दुई राष्ट्रका पहिचानका लागि कतिपय पक्षमा भने खुलापनलाई सीमित गरिएको छ । नेपाल र भारतको सम्बन्ध अतुलनीय र विचित्रको छ । तर, आफ्नै परम्परा र सभ्यताले धनी भएकाले दुवैका पहिचान र सभ्यता पनि विशिष्ट छन् । भूगोल यस्तो सम्बन्धलाई निर्धारण गर्ने तन्तुका रूपमा सधैं रहन्छ । यस्तो बहुआयामिक सम्बन्धलाई व्यवस्थापन गर्ने तरिका पनि दरिलो र भरिलो हुनुपर्छ ।

नेपाल-भारत सम्बन्धका सन्दर्भमा चीन स्वतः आउँछ किनभने नेपालको उत्तरी सीमा चीनसित मात्र जोडिएको छ । भारत पनि चीनसित जोडिएको र तिब्बतका कारण चीन-भारत सम्बन्ध बिग्रिएर सीमा युद्धसम्म पुगेको हो । तर, त्यसपछि दुवै देश लडाइँमा होमिएका छैनन् र अब त उनीहरू सहकार्य गर्दै प्रतिस्पर्धात्मक सम्बन्धमा पुगेका छन् । चीनको भारतसितको स्वार्थ आर्थिक र रणनीतिक दुवै छन् किनभने चीन भारतजस्तो व्यापारको सम्भावना भएको देशसित शत्रुतापूर्ण सम्बन्धमा रहिरहन सक्दैन, न त उसले भारतलाई उसविरुद्ध लाग्ने देशसित पूर्ण रूपले संलग्न भएको हेर्न चाहन्छ । आज चीन विश्वशक्ति राष्ट्र हुने आकांक्षा बोकेर हिँडेकाले उसले अमेरिकासित खास प्रतिस्पर्धा गर्छ र अन्य देशसित भने राम्रो सम्बन्ध कायम राख्ने कोसिस गर्छ ।

धेरैले सुरक्षा फौज बढाई नियन्त्रण गरे सीमा समस्या समाधान गर्न धेरै बल पुग्ने तर्क गर्छन् । त्यो एक पक्ष भए पनि अनेक मानवीय समस्या पनि छन्, जसको समाधान त्यति सजिलो छैन । खुला सीमालाई दसगजा अर्थात् नो म्यान्स ल्यान्डले अलग गरेको हुनुपर्ने हो । तर, आज धेरै ठाउँमा दसगजा पाउन गाह्रो छ किनभने खालि ठाउँ दुवैतिरका जनताको बसोवास गर्ने थलो भएको छ ।

यदि नेपाल र भारत सरकारले सम्पूर्ण सीमामा दसगजा कायम गर्ने हो भने त्यहाँका मानिसको बसोवास अन्यत्रै सार्नुपर्ने हुन्छ । यसका लागि आर्थिक, मनोवैज्ञानिक, राजनीतिक र राज्यशक्तिको आवश्यकता पर्छ । दुवै देशका सरकार यस कार्यप्रति प्रतिबद्ध भए सीमा कायम गर्न सकिन्छ । यो मानवीय समस्याका रूपमा आइसकेको छ र यसको समाधान भरसक मानवीय तरिकाबाटै हुन सक्दा राम्रो हुन्छ ।

भारतमा संक्रमणको संख्या बढ्नु स्वाभाविक पनि हो किनभने त्यहाँ जनसंख्याको आकार अत्यन्तै ठूलो छ । जसले गर्दा नेपाललाई जोखिम दिन प्रतिदिन बढ्दो छ । सीमा वारपार गर्न दुईतर्फ का मानिसलाई परिचय खुल्ने या तोकेका नाका सीमा चौकीबाट मात्र वारपार गर्ने व्यवस्था गरिनुपछ ।

तारबार ,पर्खालजस्ता कुनै छेक वार नभएको कारण जसले पनि जुनसुकै आली, कुलो, पैनीबाट ओहोरदोहोर गर्दै आएको सर्वविदित नै छ । यसरी दुई देशको सीमालाई अव्यवस्थित राखेर अनाधिकृत प्रवेश र आतंकवादी गतिविधि रोक्न कदापि सहयोग पुग्दैन । यस वास्तविकतालाई दुवै देशका सरकारले बुझ्नुपर्ने बेला आएको छ ।

हाल यो रोगको कारण दुवै मुलुकमा लकडाउन घोषण भएको छ । यहि कारण सीमा नाकाहरू बन्द गरिए तापनि लुकिछिपी नेपाली तथा भारतीय नागरिक आवत्‌जावत गर्दा यो रोगको संक्रमण बढिरहेको छ । यस्तो अवस्थामा दुवै मुलुक गम्भीर भई खुल्ला सिमाना व्यवस्थित गर्न दीर्घकालीन सोचका साथ अगाडि बढनु पर्ने बेला आएको छ अन्यथा यस्तो खुल्ला सिमानाले आर्थिक लाभभन्दा मानवीय क्षति हुने पक्का छ ।

हाल यो रोगको कारण दुवै मुलुकमा लकडाउन घोषण भएको छ । यहि कारण सीमा नाकाहरू बन्द गरिए तापनि लुकिछिपी नेपाली तथा भारतीय नागरिक आवत्‌जावत गर्दा यो रोगको संक्रमण बढिरहेको छ । यस्तो अवस्थामा दुवै मुलुक गम्भीर भई खुल्ला सिमाना व्यवस्थित गर्न दीर्घकालीन सोचका साथ अगाडि बढनु पर्ने बेला आएको छ ।

देश भनेको भूगोल मात्र होइन, जनता हुन् । यही कुरालाई सरकारले आत्मसात् गर्नुपर्छ । नेपाल सरकार कोरोना भाइरसको रोकथाममा सम्पूर्ण शक्तिका साथ लागेको छ । यसको फलस्वरूप हालसम्म कोरोनाका कारण १७ जनाभन्दा कम संक्रमण भएका ४९ वटा देशभित्र पनि सबैभन्दा धेरै टेस्ट गर्ने राष्ट्रका रूपमा हामी पर्न सफल भएका छौं । खुल्ला सिमाना मुख्य चुनौति छ, सरकारले चाहेर मात्र सम्भव छैन, आमनागरिक सचेत हुनुपर्छ । सरकारले निर्देशित गरेका नियमहरू पालन गरी घरमै केही समय अझै बसौं र यो महामारीबाट बच्न स्वयम सचेत बनौं । अन्त्यमा सम्पूर्ण नेपालीहरू देश विदेशमा रहनुभएका सबैलाई नयाँ वर्ष ०७७ सालको मंगलमय शुभकामना ।

## मननयोग्य

# जीवनका ६ कुराहरू

सत्यता दान, कर्मण्यता वा जाँगर अनुसूया (गुणहरूको दोष औंल्याउने स्वभाव नरहनु) क्षमा र धैर्य यी ६ गुणलाई छाड्नु हुँदैन । धन कमाउनु नित्य निरोग रहनु, मीठो बोली बोल्न मिजासिली पत्नी हुनु, आज्ञापालक पुत्र (छोरो) रहनु, धनोपार्जन गराउने विद्या पढ्नु यी ६ वटा विषय यस मनुष्यलोकमा सुखदायी छन् । मनमा सधैंभरि रहिरहने काम, क्रोध, लोभ, मो, पद तथा मात्सर्यलाई जसले आफ्नो अधीनमा राख्छ उ जस्ता इन्द्रीय दम गर्न सक्ने मानिस पापमुक्त भई नै हाल्छ । पापजन्य अरु अनर्थहरूबाट प्रभावित होलान् कि भन्ने कुराको त कुनै प्रश्न नै आउँदैन ।

५ प्रकारका मानि छ प्रकारकै पुरुषसँग सम्बन्धित रहेर आफ्नो जीव्न यापन गरिरहेका हुन्छन् । यस किसिमसँग अरुको आश्रयमा जीवनयापन गरिरहने कुनै सातौं व्यक्ति संसारमा फेला परेको छैन । यी छ प्रकारका आश्रय लिने व्यक्ति हुन्: १) चोरले असवधानसँग, २) वैध (चिकित्सक) रोगीसँग, ३) कमोन्मक्त युवतीहरू कामीपुरुषहरूसँग, ४) पुरोहितले यजमानसँग, ५) राजा (प्रशासक) झगडियाहरूसँग र ६) विद्वान् मानिसले मूर्खसँग ।

मुहूर्त (२ घडी वा ४८ मिनेट) मात्र हेरचाह नगर्दा गाइ, सेवा (चाकरी), खेती, पत्नी, विद्या र शूद्र (नीच जातिको मान्छेसँगको मेलजोल) यी ६ वटै चीज नष्ट हुन्छन् । आफूलाई पहिलो उपकार गनेलाई निम्न लिखित ६ जनाले सम्मान (वास्ता) गर्दैनन् । १) आफ्नो पढाइ समाप्त भएपछि चेलाले गुरुलाई, २) विवाद गरेको छोराले आमालाई, ३) कामवासना शान्त भइसकेपछि पुरुषले स्त्रीलाई, ४) काम लिइसकेपछि नोकरलाई, ५) नदीको दुर्गमधार पार गरिसकेपछि डुंगालाई, ६) रोगी व्यक्तिले रोग निको भइसकेपछि वैद्य वा चिकित्सकलाई ।

निरोगी हुनु, अऋणी हुने, परदेशमा बास नगर्नु, सज्जन व्यक्तिहरूसँगको संगत गर्न पाउनु, आफ्नै वृत्तिले व्यवहार चलाउन पाउनु, निर्भयपूर्वक बसोबास गर्न पाउनु, (अमनचयन रहनु), यी ६ वटा विषय मनुष्यलोकका सुख हुन् भन्ने ठानिएको छ । डाह र घृणा गर्ने रिसाह, असन्तोषी सदैव सशंकित रहने तथा अर्काको भाग्यमा जीवनवृत्ति चलाउने खालका यी ६ वटै मानिसहरू सदा दुःखी हुन्छन् ।

विदुर नीतिबाट

## पत्र–मञ्जुषा

# युवालाई आकर्षण गर्ने कार्यक्रम ल्याऊ

**प्रिय् सम्पादकज्यू,**

सरकारले वैदेशिक रोजगारलाई बन्द गराउने सपना देखेको छ । युवाहरू वैदेशिक रोजगारभन्दा अर्को बाटो सोच्नै सकेको छैन । तर, सरकारले युवाहरूलाई लोभ्याउने कुनै योजना ल्याउन नसकेको देख्दा सरकारको सपना पूरा हुनेमा शंका छ । सरकारले समृद्ध नेपाल र सुखी नेपाली भन्ने नारा अघि सारेको छ । तर, मुलुक समृद्ध बनाउने कुनै नयाँ योजना चाहिँ बाहिर ल्याउन सकेको छैन । अहिले भने सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवाहरूलाई स्वदेशमै रोजगार दिने योजना अघि बढाएको छ । तर, यो कार्यक्रम कत्तिको सफल हुन्छ ? यो चाहिँ प्रश्न भएर अघि उभिएको छ । युवाहरूलाई विदेसिनु नपर्ने गरी सरकारले तीन अर्ब १० करोड रूपैयाँको रोजगार दिने कार्यक्रम ल्याएको छ । तर, यसलाई कार्यान्वयन गर्न सरकारले कस्तो कार्यक्रम ल्याउने हो ? यस यसैमा भर पर्ने देखिन्छ । प्रजातन्त्रको पुनर्स्थापनापछि सरकारले ल्याएको कार्यक्रममा पार्टी कार्यकर्ता मात्र भर्ना गर्ने काम भइरहेको छ । यसमा पनि यहि नियत दोहोरियो भने सरकार बद्‌नाम हुने देखिन्छ । त्यसमा पार्टीको सदस्यता होइन, सीप र युवाको क्षमताको आधारमा रोजगार दिनुपर्छ ।

सरकारले चालू आवको नीति तथा कार्यक्रम समावेश भएको उक्त कार्यक्रम यसै आवदेखि सुरु गरिने जनाएको छ । रोजगारीको हकमा सरकारले रोजगारी हकसम्बन्धी ऐन निर्माण गरिसकेकाले यसअनुसार यो वा त्यो पार्टीका कार्यकर्ता नभएर सबै युवालाई एकै बास्केटमा राखेर काम गर्ने हो भने सरकारप्रति युवाहरूको पनि समर्थन बढ्न सक्छ । जनताले यो वा त्यो पार्टी भनेर हेर्दैनन्, उनीहरूले त सरकारले आफूलाई के दियो ? यो हेर्ने हुनाले सरकारले सबै युवालाई समेट्न सक्नुपर्छ । अन्यथा सरकार बद्‌नाम मात्र हुने होइन, युवाहरूबाट तिरस्कार नै हुनुपर्छ । कुनै पनि नेपाली बाध्यात्मक स्थितिबाहेक रोजगारीका लागि विदेश जानु नपर्ने गरी सरकारले तयारी गर्नुपर्छ । सरकारले बेरोजगारको तथ्यांक संकलन गर्ने, बेरोजगार सीप र तालिम दिएर रोजगार बनाउने अवसर प्रदान गर्नुपर्छ ।


मुलुकलाई समृद्ध बनाउने युवाहरूलाई विदेश पठाएर होइन, स्वदेशमै रोक्न सक्नुपर्छ । स्वदेशमै रोक्नु भनेको उनीहरूलाई स्वदेशमै रोजगार दिनुपर्छ । यसका लागि सरकारले युवाहरूसँग साझेदारी गर्न सक्नुपर्छ । पछिल्लो युवाहरू प्रविधिको प्रयोगमा समेत अगाडि देखिएकाले उनीहरूलाई यतातिर लाग्न प्रेरित गर्नुपर्छ । सरकार समाजको आवश्यकताअनुसार चल्न सकेन भने मुलुकले विकास गर्नै सक्दैन । मुलुक विकसित हुन युवाहरूलाई परिचालन गर्नैपर्छ । यसका लागि युवाहरूसँग भएको क्षमतालाई उपयोग गर्न नसक्ने हो भने मुलुक अघि बढ्न सक्दैन । समाज विकासका लागि नयाँ खोज र योजना जरुरी हुने हुनाले युवाहरूलाई साथ भिन्दै त्यो क्षमता युवामा हुनाले यसलाई प्रयोग गर्न सरकारले नयाँ-नयाँ योजना ल्याउनु जरुरी छ । अन्यथा सरकारको योजना केवल कागजमा मात्र सिमित हुने देखिन्छ ।

नारायण दाहाल
गोठाटार, काठमाडौं ।
(इमेलबाट प्राप्त)

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**लकडाउन उल्लंघन गर्ने नियन्त्रणमा** | सदरमुकाम मार्तडी बजारमा बिहीबार बन्दाबन्दीको अवज्ञा गर्नेलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय बाजुराको परिसरमा दुरी कायम गरी राखिएका सर्वसाधारण । तस्बिर : प्रेम रौले

# मोरङको क्वारेन्टाइन खाली हुँदै

**■ प्रभाव संवाददाता**



**विराटनगर**–मोरङको टाँडीमा क्वारेन्टाइनमा बसेका ९९ जना बिहीबारसम्म क्वारेन्टाइनबाट आ-आफ्नो घर फर्किएका छन् ।

संभावित संक्रमणलाई ध्यानमा राखी बाहिरबाट आउने व्यक्तिलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था बमोजिम लकडाउनअघि नै झापाको काकडभिट्टा र मोरङको रानी नाका र र विदेशबाटबाट नेपाल प्रवेश गरेका उनीहरूलाई क्वारेन्टाइनमा राखिएको थियो । क्वारेन्टाइनमा १ सय २२ जना रहेका थिए । नमुना परीक्षण गर्दा कोरोना संक्रमण नभएको पाइएपछि उनीहरू क्वारेन्टाइनबाट घर फर्किएका हुन् । बिहीबारसम्म क्वारेन्टाइनबाट ९९ जना घर फर्किएका छन् । उनीहरूलाई क्वारेन्टाइनमा बस्दा अनुशासित भई बस्न आग्रह गरिएको थियो । उनीहरूले पनि क्वारेन्टाइन अवधि पुरा गरि घर फर्किएका हुन् । क्वारेन्टाइनबाट घर फर्केपछि पनि एक साता घरमै क्वारेन्टाइनमा बस्न भनिएको छ । यसले घर परिवार सम्भावित जोखिमबाट सुरक्षित हुने छन् ।

क्वारेन्टाइनस्थल व्यवस्थापनको जिम्मा लिएको नेपाली सेनाले घर फर्कने व्यक्तिलाई उसको स्थायी ठेगाना भएको स्थानीय तहको जिम्मा लगाएको छ । क्वारेन्टाइनमा हालसम्म बसेका १ सय २२ जनामा कोरोना संक्रमण परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको छ । नेपाली सेनाको सूर्यदल गणका गणपति प्रमुख सेनानी रघुनाथ पौडेलले कोरोना संक्रमण नदेखिएकाहरूलाई जनप्रतिनिधिको जिम्मा लगाइएको बताए ।

प्रदेशको सामाजिक विकास मन्त्रालयको निगरानी प्रतिवेदन तथा अनुगमन समितिका संयोजक ज्ञानबहादुर बस्नेतले नेपाली सेनाले क्वारेन्टाइनमा ६ भारतीयसहित १ सय २२ जनाको कोरोना परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको बताए । सुरुमा प्रयोगशालामा परीक्षण गरिए पनि पछि क्वारेन्टाइनमा बस्नेहरूको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) विधिबाट कोरोना संक्रमण परीक्षण गरिएको थियो ।

अब क्वारेन्टाइनमा रहेका १२ जनाको मात्र परीक्षण गर्न बाँकी छ । उनीहरू लकडाउनपछि रानी नाकाबाट क्वारेन्टाइनमा ल्याइएकाले दुई सातापछि परीक्षण गरिने छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**सप्तरी(प्रस)**–१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा राजगढ गाउँपालिका-२ कमलपुर बस्ने १९ वर्षीय रामजिवन यादवलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

यादवले ती बालिकालाई ललाई फकाई टेलिफोनमार्फत घरबाट बाहिर बोलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी झुटकीबाट खटिएको प्रहरीले यादवलाई पक्राउ गरेको हो ।

## नदीमा डुबेका तीन जनाको उद्धार

**नवलपरासी (पूर्व)(प्रस)**-मध्यबिन्दु नगरपालिका-२ मध्यवर्ती पुरानो मसानघाट नन्दपुरस्थित नारायणी नदीमा डुबेका ३ जनाको सकुशल उद्धार गरिएको छ ।

बुधबार दिउँसो काठको डुङ्गाबाट नदी पार गर्ने क्रममा डुङ्गा पल्टिन गई उक्त दुर्घटना भएको भएको थियो । डुङ्गामा सवार उनीहरू मध्ये सोही ठाउँ गैरी टोल बस्ने चिन्तामणि महतोकी १४ वर्षीया छोरी कन्चना महतो नदीमा डुबेर बेपत्ता भएकीले प्रहरी चौकी कोल्हुवाबाट खटिएको प्रहरीले उनको खोजी गरिरहेको छ ।

## लागुऔषध गाँजा बरामद

**पर्सा(प्रस)**–पकहामैनपुर गाउँपालिका-१ धोरेस्थित खुल्ला चौर नजिकै थुपारेको परालभित्र राखेको बोराबाट १० केजी अवैध लागूऔषध गाँजा बिहीबार बिहान प्रहरीले बरामद गरेको छ ।

उक्त चौरमा लकडाउनको समयमा मानिसहरू क्रिकेट खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी धोरेबाट खटिएको प्रहरीले ती मानिसहरूलाई नियन्त्रणमा लिने क्रममा बोराभित्र लुकाई राखेको उक्त गाँजा फेला पारी बरामद गरेको हो ।

## मृत अवस्थामा फेला

**धनकुटा(प्रस)**-धनकुटा नगरपालिका-३ देब्रेबास बस्ने ६१ वर्षीय भिम बहादुर थापा मगर मृत फेला अवस्थामा फेला परेका छन् । आफ्नै घरमा बुधबार बेलुका खाना खाई सुतेका उनी बिहीबार बिहान मृत फेला परेका हुन् ।

ताप्लेजुङ, फुङ्लिङ नगरपालिका-९ बुङकुलुङ बस्ने ५२ वर्षीया मिङ्माल्हामु शेर्पा आफ्नै घरमा बुधबार दिउँसो मृत अवस्थामा फेला परेकी छन् ।

## एकनाले भरूवा बन्दुकसहित पक्राउ

**कञ्चनपुर(प्रस)**–कृष्णपुर नगरपालिका-४ नमुना सामुदायिक वनबाट कैलाली गोदावरी नगरपालिका-११ कालिका टोल बस्ने ५८ वर्षीय मोहन बहादुर साउदलाई एकनाले भरुवा बन्दुक सहित बुधबार राति प्रहरीले पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय झलारीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा साउदले लोड गरी बोकेर हिँडिरहेको अवस्थामा उक्त बन्दुक सहित उनलाई पक्राउ गरको हो ।

## धारिलो हतियार प्रहार गर्ने पक्राउ

नवलपरासी (पश्चिम)(प्रस)-छिमेकीलाई धारिलो हतियार प्रहार गरी घाइते बनाएको अभियोगमा सुनवल नगरपालिका-११ केरवानी बस्ने ४२ वर्षीय हरिशचन्द्र ढकाललाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ ।

पुरानो रिसीइबीको कारण सोही ठाउँ बस्ने ३३ वर्षीय मन प्रसाद गाहालाई ढकाल सहित ४ जनाले धारिलो हतियार प्रहार गरी घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सुनवल र अस्थाई प्रहरी विट भुमहीबाट खटिएको प्रहरीले ढकाललाई पक्राउ गरेको हो । धारिलो हतियार प्रहारबाट घाइते भएका गाहालाई स्थानीय रामनगर सामुदायिक अस्पताल भुमही हुँदै थप उपचारका लागि लुम्बिनी सिटी अस्पताल बुटवलतर्फ पठाइएको छ । घटनामा संलग्न अन्य फरार ३ जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# रोकिए घर हिँडेका मजदुर

**धादिङ**–कोभिड -१९ को महामारी रोक्न सरकारले गरेको लकडाउनपछि घर हिँडेका मजदूर धादिङ र चितवनको सिमाना मौवाखोलामा रोकिएका छन् । कामका लागि जिल्लाका विभिन्न भागमा आएका मजदूर काम गर्न नपाइने र खानेकुरा सकिएपछि हिँडेर घर जान लागेका थिए ।

घर जान लागेका बेला चितवन प्रहरीले धादिङको सिमाना क्षेत्रमा रोकेको हो । बिहानैदेखि तीन सयभन्दा बढी मजदूर रोकिएको र उनीहरू खानेकुरा नपाएर दिनभर सो क्षेत्रमा भोकभोकै परेको स्थानीयवासी विनोद शाहले जानाकारी दिए ।

मजदूर रोकिएपछि मौवाखोला बजारबासीले प्रहरीलाई हिँडेर घर जान दिनका लागि आग्रह गरेका थिए । बजारबासीको आग्रहसमेत अस्वीकार गरी प्रहरीले चितवन क्षेत्र प्रवेश गर्न नदिएपछि बजारबासी र मजदूर मिलेर प्रहरीसँग झडप गरेका थिए । घटनाले उग्ररूप लिने भएपछि धादिङका प्रमुख जिल्ला अधिकारी असमान तामाङ र चितवनका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईबीच वार्ता भएको छ । वार्तापछि मजदूरलाई खाद्यान्न बोक्ने सवारी साधनमा राखेर घरतर्फ जान दिने सहमति भएको छ ।

धादिङका विभिन्न इँटा उद्योग, विद्यालय निर्माण र गाउँमा पुनःनिर्माणका लागि आएका मजदूर घरतर्फ जान लागेका थिए । एक जिल्लाबाट अर्को जिल्ला जानका लागि अतिआवश्यकीय सवारी साधनसमेत रोकिएपछि प्रमुख जिल्ला अधिकारीहरूले वार्ताका माध्यमबाट समस्या समाधान गरेका हुन् । रासस

## प्रहरीलाई हातपात गर्ने पक्राउ

**रौतहट(प्रस)**–गौर नगरपालिका-३ विपिचोकमा डिउटीमा खटिएको प्रहरीलाई गालिगलौज, हातपात तथा ढुंङगा प्रहार गरेको अभियोगमा ४ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रौतहट गौर नगरपालिका-३ बस्नेहरू २६ वर्षीय राहुल कुमार यादव, ३० वर्षीय राजिव यादव, २१ वर्षीय अभिषेक यादव र २२ वर्षीय विवेक यादव रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटबाट डिउटीमा खटिएको प्रहरीले लकडाउन उल्लंघन गरी बाटोमा हिँडिरहेका मानिसहरूलाई सम्झाई बुझाई गरी आफ्नो घर फर्काउने क्रममा उनीहरूले उल्टै प्रहरीमाथि नै गालिगलौज, हातपात तथा ढुङ्गा प्रहार गरे पश्चात उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो ।

# जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**कैलाली(प्रस)**–१७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा ४ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा कैलाली गौरीगंगा नगरपालिका-४ बस्नेहरू २० वर्षीय नरेश नेपाली, २१ वर्षीय अर्जुन सावद, २० वर्षीय निर्मल चौधरी र २४ वर्षीय नरेश भट्ट रहेका छन् । ती किशोरी सहित ४ जना सोही ठाउँ चनौरा बस्ने आफन्तको घरमा गई राति फर्कने क्रममा सोही नगरपालिका-१ खुरखुरीया नजिकै पुग्दा मोटरसाइकलमा आएका नरेश समेतका ४ जनाले ती किशोरीसँगै आएका ३ जनालाई धारिलो हतियार देखाउँदै कुटपिट गरी उनलाई करिब १ सय मिटर पर लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय चौमलाबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूको साथबाट घटनामा प्रयोग भएको धारिलो हतियार हँसिया र मोटरसाइकल समेत बरामद भएको छ ।

# कोभिड-१९ को जोखिम घट्दै

**■ रामबहादुर थापा**

**बागलुङमा**-कोभिड-१९ को पाँचौं र छैटौं संक्रमित रहेको बागलुङमा बिहीबारसम्ममा ६२ जनामा ‘पिसिआर’ र एक हजार ३० मा द्रुत जाँच (आरडिटी) गरिएको छ ।

सम्भावित संक्रमितमा कोरोना भाइरस जाँच गरिएकामा सबैको रिपोर्ट नेगेटिभ आएको छ । पाँचौं संक्रमित बागलुङ नगरपालिका-४ की १९ वर्षीया युवतीमा कोभिड-१९ देखिएको २० दिन पुग्यो भने छैटौं संक्रमित सोही नगरपालिका-३ की ६५ वर्षीया महिलामा १५ दिन ।

संक्रमित दुवै बेल्जियमबाट दोहा हुँदै कतार एयरको क्यूआर ६५२ मा गत चैत ४ गते नेपाल आएका थिए । उनीहरूसँगै कोरोना भाइरसको संक्रमण भित्रिएको पनि बिहीबार एक महिना नाघ्यो ।

यसबीचमा दुवै संक्रमितको ‘कन्ट्याक ट्रेसिङ’ सकिएको छ । जाँचका क्रममा दुवै परिवारका सदस्यमा कोरोना भाइरस भने देखिएन । स्वास्थ्य कार्यालका अनुसार छैटौं संक्रमितको ‘कन्ट्याक्ट ट्रेसिङ’ गरी कोरोना जाँचिएकामा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

‘छैटौं संक्रमितको परिवारका सदस्य, आफन्त र बसोबास क्षेत्रमा जाँच गरिएकामा कसैमा पनि संक्रमण देखिएन’ कार्यालय प्रमुख सुरज गुरौले भने । पाँचौं संक्रमित युवतीसँग सम्पर्कमा आएका थप २१ जनाको स्वाब संकलन गरी जाँचका लागि पोखरास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा पठाइएको छ ।

पाँचौं संक्रमितसँग सम्पर्कमा आएका थप २१ जनाको जाँचको रिपोर्ट आएपछि जिल्लामा जोखिमको अवस्थाबारे थप आँकलन गर्न सकिने उनले बताए । ‘पाँचौं संक्रमितबाट पनि बुबालगायत घरका सदस्यमा भने कोरोना सरेको देखिएन’ प्रमुख गुरौले भने ।

अहिलेसम्म गरिएका जाँचका आधारमा संक्रमितबाट समुदायमा कोरोना भाइरस नसरेको पाइएको उनले बताए । संक्रमितका परिवारका सदस्य र भौतिक सम्पर्कमा आएका व्यक्तिमा ‘पिसिआर’ विधिबाटै कोरोना जाँच भइरहेको छ ।

धवलागिरि अञ्चल अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले शुरुका दिनका तुलनामा त्रास र जोखिम केही घटेको बताए । ‘अहिलेसम्म संक्रमितबाट अन्य व्यक्तिमा सरेको पाइएको छैन, यही अवस्था कायम राख्न सक्यौं भने त्यो हाम्रा लागि ठूलो सफलता हो ।’

पाँचौं संक्रमितसँग सम्पर्कमा आएका २१ जना व्यक्तिको जाँचको रिपोर्टपछि जिल्लामा संक्रमणको स्थितिबारे थप केही भन्न सकिने उनको भनाइ छ । ‘अस्पतालमा पनि कोरोनासँग मिल्दाजुल्दा लक्षण भएका बिरामी आउनुभएको छैन’ चिकित्सक पोखरेलले भने, ‘यसले समुदायमा फैलिएको छैन भन्ने देखाउँछ ।’

उनले जिल्लामा संक्रमणको जोखिम विश्लेषण गरी रोकथाम र नियन्त्रणको योजना बनाइएको बताए । संक्रमण फैलिएर बिरामी बढ्न सक्ने अवस्थालाई दृष्टिगत गरी अस्पतालमा सुविधा थपदेखि जनशक्ति व्यवस्थापनको कामलाई चुस्त बनाइएको छ ।

अहिले चार वटा मात्रै रहेको आइसोलेशन बेडलाई थपेर आठ पुर्‍याउन लागिएको छ । सघन उपचार कक्ष निर्माणको काम अघि बढेको छ । भेन्टिलेटरलगायतका अत्यावश्वक स्वास्थ्य उपकरण र सामग्रीको जोहो गरिएको छ । अस्पतालको आइसोलेशन कक्षमा अहिले जिल्लाका दुवै संक्रमित उपचाररत छन् ।

‘दुवै बिरामीको अवस्था सामान्य नै छ, छैटौं संक्रमित महिलालाई पुरानै उच्च रक्तचाप र दमको औषधि दिइरहेका छौं’ प्रमुख चिकित्सक पोखरेलले भने । उनका अनुसार दुवै संक्रमितमा कोरोना भाइरसको थप जाँचका लागि स्वाब पोखरा पठाइएको छ । यसअघि युवतीको तेस्रो र महिलाको दोस्रो जाँचमा पनि रिपोर्ट पोजेटिभ आएको थियो । रासस


## थुलुङ दुधकोशी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
मुक्ली, सोलुखुम्बु

**शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रथमपटक प्रकाशित मिति: २०७७/०१/०५)

थुलुङ दुधकोशी गाउँपालिकाको चालु आ.व.२०७६/०७७ मा तपशिल बमोजिम निर्माण कार्य गर्नका लागि नेपाल सरकारबाट ईजाजत (मान्यता) प्राप्त निर्माण व्यवसायी/ कम्पनीबाट निम्न शर्तहरूको अधीनमा रही रितपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. बोलपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र चालु आ.व. का लागि नवीकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र गत आ.व. को करचुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदनसाथ तल उल्लिखित बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) लक्ष्मी बैंक लि., मुक्लीमा रहेको यस गाउँपालिकाको संचित कोष खाता नं. ०९५०३०००१३७ मा जम्मा गरेको सक्कल बैंक भौचर लिई बोलपत्रदाताले यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछ ।
२. खरिद भएका बोलपत्र प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र सिलबन्दी लाहाछाप गरी खाममा स्पष्टसँग कार्यालयको नाम, ठेक्का नं., कामको विवरण तथा बोलपत्रदाताको नाम र ठेगाना मोबाइल नम्बरसमेत खुलाई यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरू सोहि दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरू र निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेका दिन सोही समयअनुसार हुनेछ ।
४. बोलपत्रसाथ जमानत बापतको माग भएको रकम लक्ष्मी बैंक लि., मुक्लीमा रहेको यस गाउँपालिकाको धरौटी खाता नं. ०९५०००१४४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडबन्ड (Bank Guarantee) बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको पेश गर्नुपर्ने छ ।
५. बोलपत्रदाताले मूल्य अभिवृद्धि करबाहेकको दररेट उल्लेख गर्नुपर्ने छ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनुपर्नेछ ।
६. बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको पाँच प्रतिशतले हुन आउने नपुग रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट जारी भएको कार्य जमानतपत्र (परफम्यन्स्च बन्ड) पेश गर्नुपर्नेछ ।
७. म्याद नाघी आएका, रित नपुगेको र शर्त राखिएका बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।
९. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका हकमा स्थानीय शासन संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ (संशोधन सहित) र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
१०. बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नागरिक तथा संचारकर्मी समेतको उपस्थितिका लागि अनुरोध गरिएको छ ।
११. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (VAT बाहेक) | धरौटी रकम | बोलपत्र खरिद दस्तुर | कै. |
|---|---|---|---|---|---|
| TDRM ३-०७६/०७७ | workshop and Drawing hall building Construction | ४८७७०१९.६२ | १२५०००.०० | रु.३०००.०० | |
| TDRM ४-०७६/०७७ | Renovation of Existing building with sandwich panel board | ३६३८३८८.१० | ९५०००.०० | रु.३०००.०० | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

रूपशाला

## छोरी स्याहार्दै शिल्पा

बलिउड अभिनेत्री शिल्पा शेट्टीले छोरी स्याहार्नमै व्यस्त छिन् । उनले बुधबार सामाजिक संजालमा आफ्नी सानी छोरी समिशासँग खेल्दै गरेको भिडियो शेयर गरेकी छन् । उक्त भिडियोमा उनले १५ नम्बर लक्की रहेको बताएकी छन् । सोही दिन दुई महिलाअघि छोरी जन्मिएकोले यस्तो बताएकी हुन् । शिल्पालको टिकटकमा १५ मिलियन फलोअर्स छन् ।



शुक्रबार, ५ बैशाख २०७७ (Friday, April 17, 2020)




# बिटल्सको हे जुड ९ लाख डलरमा बिक्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** हलिउडको प्रसिद्ध रकब्यान्ड 'द बिटल्स'को 'हे जुड' गीतको हस्तलिखित प्रति ९ लाख १० हजार अमेरिकी डलरमा बिक्री भएको छ ।

सिएनएनले जनाएअनुसार गायक तथा संगीतकार पल म्याकार्टनीले बिटल्सका लागि लेखेको उक्त गीतको हस्तलिखित प्रति लिलामीमा राख्दा अनुमान गरिएभन्दा ६ गुण बढीमा बिक्री भएको हो । सन् १९६० मा जोन लेनन, पल म्याकार्टनी, जर्ज ह्यारिसन र रिंगो स्टारले 'द बिटल्स' स्थापना गरेका थिए । यो ब्याण्डको गीत नेपाली श्रोतामाझ पनि चर्चित र लोकप्रिय छ ।

ब्यान्डका सबै सदस्य छुट्टिएको ५०औं वर्षमा गएको शुक्रबार जोन लेननका छोरा जुलियन जोन चाल्स लेननले बिटल्सका २५० वटा सामान लिला(मीमा राखेका थिए । यसमा ब्यान्डको लोगो अंकित बास ड्रम हेड, गिटार, चित्र र गीत बिक्री गरिएको थियो । पलले सन् १९६८ मा जुलियनकै नाममा 'हे जुड' गीत लेखेका थिए । गायक जोन लेनन र उनकी श्रीमती सिन्थियाको सम्बन्धविच्छेदपछि पलले जुलियनलाई सान्त्वना दिन यो गीत लेखेको बत(ाइएको थियो ।

पलले एक अन्तर्वार्तामा भनेका छन्, 'सुरुमा यो गीत 'हे जुल्स' थियो, पछि जुड बढी सुहाउँदि(लो भएकाले 'हे जुड' बनाइएको हो ।' यो गीत ग्रेमी अवार्डमा मनोनित भएको छ । बिटल्सको रक ब्याण्डहरूमा संसारमै छुट्टै पहिचान छ । एक ताका बिटल्स भनेपछि युवाहरू हुरुकै हुन्थे । उनीहरूका गीत कालजयी छन् ।

# दिक्पाल र सविताको भोटे लसुन



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली मौलिक लोकदोहोरी गीत संगीतको आफनै विशेषता छ । तर, नेपाली बजारमा मौलिक सिर्जनामा आधारित गीत संगीतहरू कम मात्रामा आइरहेका छन् ।

यसैक्रममा गल्कोट म्युजिक प्रालीको प्रस्तुतिमा गायक रामु विरही र गायिका धर्तिमा थापा मगरको आवाजमा रहेको 'भोटे लसुन' बोलको गीतको भिडियो डिजिटल बजारमा सार्वजनिक भएको छ । भिडियोमा प्रेमिल जोडीको प्रेमभावलाई समेटिएको छ ।

आफ्नी मायालुको यादमा भौतारिएको भाव गीतमा गायकले समेट्ने प्रयास गरेका छन । गायिका धर्तिमाले पनि आफ्नी प्रेमीकालाई जीवनमा अफठ्यारो अवस्था नआओस् भन्नका लागि भगवान सँग प्रार्थना गरेकी छनु । गाउँमा हुने प्रेमिप्रेमिका बिचको मायाको सम्बन्धलाई ब्यक्त गर्ने प्रयास भिडियोमा गरिएको छ ।

रामजित मल्लको शब्द तथा रामु विरहीको लयसिर्जना रहेको गीतको भिडियोमा मोडल दिक्पाल कार्की, दुर्गा केसी र सविता कार्कीको अभिनय रहेको छ । यस गीतको भिडियोमा जनक अधिकारीको छायाँकन, अविनास डिसीको सम्पादन तथा रामु विरहीको निर्देशन रहेको छ ।

# अभिनेता रञ्जितको निधन

■ प्रभाव संवाददाता

**काठमाडौं–** बलिउड अभिनेता रन्जित चौधरीको ६५ वर्षको उमेरमा निधन भएको छ । अभिनेता, निर्देशक तथा लेखकको पहिचान बनाएका रन्जितको मृत्युको खबर उनकी बहिनीले दिएकी हुन् । उनको बुधबार नै अन्त्यष्टि गरिसकिएको भारतीय मिडियाले उल्लेख गरेको छन् ।

अभिनेता रन्जितले 'खुबसुरत', 'खट्टा मीठा', 'कामासुत्र', 'मिसिसिपी मसाला', 'फायर'लगायत करिब ४० फिल्ममा काम गरेका छन् । रन्जितले सन् १९७९ को बासु चटर्जीको फिल्म 'खट्टा मीठा'बाट बलिउडमा डेब्यु गरेका थिए । हिन्दी सिरियलहरूमा समेत काम गरेका रन्जितले हलिउडमा एक समय चर्चित थिए । उनी विशेषगरी रंगमंचमा सक्रिय रहेको चर्चा गरिएको थियो ।



रंगशाला

# 'पुरस्कार पाउँदा शान्ति सेनाबाट फर्केजस्तै लाग्यो'

■ विक्रम गिरी/मुना कार्की

**काठमाडौं –** बिहानको नियमित अभ्यास सकेर सञ्जिवकुमार ओझा ब्यारेक फर्के । खानपिन सकेर अनी लागे ब्यारेकतर्फ । जहाँ कोरोना भाइरसको सङ्क्रमणको रोकथाम तथा यसबाट जोगिने उपायबारे आयोजिक प्रशिक्षण कार्यक्रममा सहभागी भए । त्यो सक्काएर उनी पुनः ब्यारेक नै फर्किए ।

दिउँसो उनको मोबाइलमा म्यासेज आयो । उनलाई लाग्यो कोरोना भाइरसबारेकै केही सन्देश होला । अलिकपछि सञ्जिवले म्यासेज राम्रोसँग हेरे । उनको बैंक खातामा रु छ लाख जम्मा भएको रहेछ । उनले उक्त म्यासेज पटकपटक दोहोऱ्याइ तेहऱ्याइ हेरे । विश्वासै लागेन पैसा आएको होला भनेर । पत्यार नलागेपछि काठमाडौंमा रहेका अरु खेलाडी साथीसित सो रकमबारे जानकारी गराए ।

'खातामा पैसा आएको होला भन्ने विश्वासै लागेन', हाल कास्कीको पोखरामा रहेका सञ्जिवले भने, 'पुरस्कारबापतको रकम मेरो खातामा मात्र आएको रहेछ ।' सञ्जिव तेक्वान्दो खेलाडी हुन् । उनले गत मंसिरमा नेपालमा सम्पन्न १३औं दक्षिण एसियाली खेलकूलद (साग) मा तेक्वान्दोतर्फ पेयर पुम्सेमा आयशा शाक्यसँग मिलेर नेपाललाई स्वर्ण पदक दिलाएका थिए । साग सकिए लगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीले पदक जित्ने खेलाडीका लागि हालसम्मकै ठूलो रकमको घोषणा गर्नुभएको थियो । घोषणा भएको चार महिना वित्दा पनि खेलाडी तथा प्रशिक्षकले पुरस्कार रकम प्राप्त गर्न सकेका थिएन । सञ्जिवको बैंक खातामा बुधवार जम्मा भएको रु छ लाख त्यही पुरस्कारवापतको रकम थियो । उक्त रकम प्राप्त गर्ने उनी पहिलो खेलाडी बनेका छन् । अरु खेलाडीले भने रकम पाउन सकेका छैनन् ।

'मसँगै मिलेर स्वर्ण जितेकी आयशा शाक्यलाई फोन गरे, उहाँले रकम पाउनु भएको रहेनछ', नेपाली सेनामा कार्यरत हवल्दार सञ्जिवले भने, 'पुरस्कार रकम प्राप्त गर्ने म मात्र रहेछु, अरुलाई सायद अब आउला ।' कोरोना भाइरसको संक्रमणका बेला पुरस्कार रकम पाउने आफूले आश नगरेको उनले बताए । 'यस्तो आपतका बेला पैसो पाइला भन्ने पटक्कै विश्वास थिएन', उनले खुशी व्यक्त गर्दै भने, 'पुरस्कार पाउँदा शान्ति सेना (शान्ति मिसन) बाट फर्के जस्तै लागेको छ ।' उनलाई साथिहरूले शान्ति सेनाबाट आएको जस्तो यतै भयो भन्दै जिस्क्याए पनि । सञ्जिवले हालसम्म सेनाबाट शान्ति मिसनमा जान भने पाएका छैनन् ।




सञ्जिव मात्र होइन अरु खेलाडीका लागि यही नै अहिलेसम्मको ठूलो पुरस्कार रकम हो । 'लौ तिमलाई त शान्ति मिसन यतै भयो', साथि(भाइले बधाइ दिँदै भनेको कुरा सम्भिmदै सञ्जिवले भने । प्राय : काठमाडौंमै रहने सञ्जिव हाल भने कोरोना भाइरसको रोकथाम तथा यसको नियन्त्रणको अभियानका लागि पोखरामा छन् । उनी त्यहाँ नियमित रूपमा आफ्नो अभ्यासका साथै सेनाले खटाएको काममा ब्यस्त छन् । 'यो महामारीका बेला जनतालाई साथ दिनै पर्छ, खेलको कुरा त पछि छँदै छ', उनले भने ।

हेटौंडा उपमहानगरपालिका-४ घर भएका सञ्जिवले गाउँमै तेक्वान्दोको प्रशिक्षण लिएका हुन् । घरको आर्थिक अवस्था राम्रो नभएका कारणले उनी हेटौंडामै नेपाली सेनामा भर्ना भए । अनी सेनाको त्रिभुवन आर्मीमा आवद्ध भएर तेक्वान्दोलाई निरन्तरता दिन थाले । 'सेनामा भर्ना नभएको भए म खेल खेलिरहेको हुन्नथे', उनले घरको अवस्था सम्भिmँदै भने, 'खेल्नका लागि आधार चाहिएको थियो, जुन सेनाको जागिरले सहज बनाइ दियो ।' उनका बुबा होमबहादुर भारतमा मजदुरी गर्दथे । उतै बिते । त्यसपछि सञ्जिवको पालनपोषणको जिम्मा ठूलो बुबा श्रीराम र ठूली आमा मिठुकुमारीले लिइन् । केही वर्ष अघि उनका ठूलो बुबाको पनि निधन भइसकको छ । हाल घरमा ठूली आमा र भाइ बुहारी छन् ।

'अब यो रकमले काठमाडौंमा डेरा व्यवस्थित गर्ने योजना छ' सञ्जिवले भावी योजना सुनाए, 'ठूली आमालाई काठमाडौं ल्याइ साथमा राखेर राम्रोसँग रेखदेख गर्ने सोच बनाएको छु ।' दश वर्ष सेनामा जागिर खाइसकेका सञ्जिव अविवाहित छन् । अब उनी चाँडै बिबाह गर्न चाहन्छन् । नेपालमा सेना, प्रहरी र शसस्त्र प्रहरीको विभागीय टोलीका भरमा खेलाडी बाँचेको सञ्जिवको बुझाइ छ । यो बाहेक खेलाडीलाई सिक्ने तथा भविष्य बनाउने आधार बनिसकेको छैन । 'खेलाडी खेलेरै बाँच्न सक्ने आधार राज्यले तथा अरु निकायले बनाइ दिनुपर्छ', उनले भने, 'हैन भने नयाँ प्रतिभा जन्मिन सहज छैन ।'

सन्जीवले रकम पाए पनि आयशाले भने रकम पाउन सकेकी छैनन् । 'अहिले लकडाउनका कारण रकम पठाउन असहज भयो होला', तेक्वान्दोका कीर्(तमानी खेलाडी एवं आयशाका श्रीमान् दीपक विष्टले भने, 'जे होस खेलाडी घोषणा भएको पुरस्कार पाउन थाले, धेरै खुशी लागेको छ ।' विष्ट तेक्वान्दोका प्रशिक्षक हुन् । आयशा सागमा दोहोरो स्वर्ण जित्ने खेलाडी हुन् ।

तेह्रौं सागमा नेपालले ५१ स्वर्ण, ६० रजत र ९५ कास्य पदक गरी कूल २०६ पदक जितेको थियो । यो नेपालका लागि अहिलेसम्मकै सर्वाधिक सफलता थियो । उक्त सफलतापछि प्रधानमन्त्री ओलीले सबैलाई डाकेर प्रधानमन्त्री कार्यालय बालुवाटारमा पुरस्कार रकमको घोषणा गरेका थिए । विभिन्न व्यवधानले सो रकम खेलाडी तथा प्रशिक्षकले प्राप्त गर्न सकेका थिएनन् ।

राष्ट्रिय टोली तयारी समितिका निर्देशक तथा १३औं साग राष्ट्रिय टोली तयारी समितिका सचिव महेन्द्र राईले सागमा पदक प्राप्त सबै खेलाडीको विवरण र पाउनुपर्ने रकम कोष तथा लेखा नियन्त्रण कार्यलय (कोलेनिका) मा पठाइसकेको जानकारी दिनुभयो । चाँडै अन्य खेलाडी तथा प्रशिक्षकले पुरस्कार रकम पाउने उहाँले बताए ।

तेह्रौं साग गत वर्ष मङ्सिर १५ देखि २४ गतेसम्म काठमाडौं, पोखरा र जनकपुरमा आयोजना गरिएको थियो । प्रधानमन्त्री ओलीले व्यक्तिगत स्पर्धामा स्वर्णपदक जित्नेलाई जनही रु नौ लाख, रजत जित्नेले रु छ लाख र कास्य जित्नेले रु तीन लाख, एकभन्दा बढी स्वर्ण जित्ने खेलाडीलाई रु ११ लाखका दरले पुरस्कार दिने घोषणा गरेका थिए । समूहगतरूपमा स्वर्ण जित्ने खेलाडीलाई रु छ लाख, रजत जित्नेलाई रु चार लाख तथा कास्य जित्नेलाई रु दुई लाख दिने घोषणा गरिएको थियो । *रासस*

# वैकल्पिक फुटबल मैदानको काम निरन्तर



■ प्रभाव संवाददाता

**कास्की–** कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण रोक्नका लागि सरकारले आह्वान गरेको लकडाउन (बन्दाबन्दी) का कारणले सबै क्षेत्र ठप्प रहँदा समेत पोखराको एक फुटबल मैदान निर्माणको कार्य निरन्तर सञ्चालन भइरहेको छ ।

सरकारले कोरोनाको प्रभाव न्यूनीकरण गर्न चैत ११ गतेबाट देशव्यापी लकडाउन गरेपनि पोखरा रङ्गशालाभित्र निर्माणाधीन अन्तरराष्ट्रिय मापदण्डको फुटबल रङ्गशालासँगै जोडिएको वैकल्पिक फुटबल मैदान निर्माण कार्य धमाधम भइरहेको हो ।

निर्माणको अन्तिम चरणमा रहेको देशकै ठूलो फुटबल रङ्गशा(लाको काम लकडाउनले ठप्प रहेपनि आडैको वैकल्पिक मैदान निर्माण कार्य चलिरहेको हो । दैनिक २०/२२ जना मजदूर र केही खेलकर्मीले दिनहुँ जसो स्वयमंसेवी भूमिकामा काममा खटिएका छन् । काभ्रे, सिन्धुली लगायतका जिल(लाका मजदूरहरू अहिले निर्माण कार्यमा आवद्ध छन् ।

राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्य राजेश कुमार गुरुङले निर्माण कार्यको नेतृत्व लिएका छन् । सदस्य गुरुङले हालसम्म मैदानको ६० प्रतिशत काम पूरा भएको बताए । उनले भने, 'कोरोनाको महामारीमा समेत सुरक्षित तरिकाले सामाजिक दूरी कायम राख्दै फुटबल मैदान निम(णमा छौं । मैदान समथर बनाएर खेल्न योग्य बनाएका छौं, आगामी १५ दिनभित्रमा मैदानमा दुबो रोप्ने तथा लेबलडिङको काम सक्छौं ।' सो फुटबल रङ्गशालामा ३०० देखी ४०० जना अट्ने गरी प्यारापिट निर्माण गर्ने योजना समेत रहेको गुरुङले जानकारी दिए ।

सो वैकल्पिक फुटबल मैदान निर्माणका लागि युवा तथा खेलकूद मन्त्रालयले चालू आर्थिक वर्षमा रु ९० लाख बजेट विनियोजन गरेको थियो । शुरुआतमा मैदान निर्माणका लागि रु ३० लाख बजेट निकासा आएपछि क्षेत्रीय खेलकूद विकास समितिले कास्की जिल्ला फुटबल सङ्घलाई मैदान निर्माणको जिम्मा दिएकामा निर्माण कार्य अलपत्र परेपछि राखेपको निर्देशनमा क्षेत्रीय खेलकूद तथा जिल्ला खेलकूद समिति लगायतले निर्माण कार्य अघि बढाएका हुन् ।

# दक्षिण कोरियाको सत्तारुढ दललाई संसदमा बहुमत प्राप्त



**सियोल**–दक्षिण कोरियाको बामपन्थी झुकाव राख्ने सत्तारुढ पार्टीले बुधबार सम्पन्न संसदीय निर्वाचनमा जित हासिल गरेको छ। कोरोनाभाइरस महामारीकै बीचमा सम्पन्न चुनावमा राष्ट्रपति मून जाए-इनको पक्षमा जनलहर देखिएको छ।

राष्ट्रपति मूनको डेमोक्र्याटिक पार्टीले राष्ट्रिय सभामा पूर्ण बहुमत हासिल गरेको छ। विगत १२ वर्षमा संसदमा यसपटक मात्र कुनै दललाई पूर्ण बहुमत प्राप्त भएको हो। करिब ६६ प्रतिशत मतदान भएको यस पटकको चुनावमा जनसहभागिता दृष्टिले सन् १९९२ यताकै यो सबैभन्दा बढी हो।

केही महिना अघि मात्र मूनमाथि शक्तिको दुरूपयोग गरेको र मुलुकको आर्थिक बृद्धि कमजोर बनेको भन्दै आलोचना हुन थालेको थियो। कतिपय आलोचकले राष्ट्रपति मूनले उत्तर कोरिया मामिलामा चालेका कदमहरू पनि अपरिपक्व रहेको बताउँदै आएका थिए।

तर कोरोना महामारीलाई दक्षिण कोरियाले द्रुत र प्रभावकारी ढंगबाट व्यवस्थापन गरेपछि मूनमाथि जनताले फेरि विश्वास व्यक्त गरेका छन्। यसबीचमा कोरियाले २० भन्दा बढी मुलुकमा कोरोना परीक्षण किट समेत उपलब्ध गराएर उदाहरणीय कार्य गरेको छ।

अमेरिकाको ओहायो स्टेट युनिभर्सिटीकी राजनीतिशास्त्री मिन्सोन कुले 'कोरोनाभाइरस कुटनीति' जस्ता कदमले मून प्रशासनको शाख बढाउनुका साथै जनतामा आत्मविश्वास बढाएको बताए। मूनले कम्तिमा २० वटा देशका सरकार प्रमुखहरूसँग भिडियो कन्फरेन्स मार्फत कुराकानी गरेका थिए।

कोरोनाभाइरसको महामारीकै त्रासबीच दक्षिण कोरियामा बुधबार संसदको चुनाव भएको थियो। मतदान केन्द्रहरूमा आम मतदाताहरू सामाजिक दूरी कायम गर्दै मास्क लगाएर उपस्थित भएका थिए।

राष्ट्रपति मून जाए-इनका लागि मध्यावधि जनमतसंग्रहका रूपमा हेरिएको यस संसदीय चुनावलाई स्थगन गर्न दबाब दिइए पनि सरकारले चुनाव नसार्ने निर्णय गरेको थियो।


कोरियाली मतदाताहरू विचारधारात्मक, पुस्तागत मान्यता तथा क्षेत्रीयताका आधारमा बाँडिएका भए पनि पछिल्लो चुनावी मतसर्वेक्षणले राष्ट्रपति मून र उनको उदारवादी पार्टीले स्पष्ट बहुमत हासिल गर्न सक्ने देखाएका थिए। खासगरी, चीन, युरोप र उत्तर अमेरिकी मुलुकमा कोरोनाभाइरसले सर्वाधिक असर पारेको भए पनि कोरियाले अपनाएको कोरोना परीक्षण र क्वारेन्टिनको चुस्त शैलीले आमजनतामा विश्वास बढाएको पाइएको छ।

दक्षिण कोरियाको ३०० सदस्यीय संसदको प्रत्येक चार वर्षमा चुनाव हुने गर्दछ। संसदका २५३ जना विभिन्न जिल्लाबाट प्रत्यक्ष निर्वाचित हुन्छन् भने बाँकी ४७ स्थान समानुपातिक प्रतिनिधित्व हुने गर्दछ।

दर्जनौं पार्टीका उम्मेदवारहरू चुनावी मैदानमा रहेका भएपनि राष्ट्रपति मून जाए-इनको सत्तारुढ डेमोक्र्याटिक पार्टी र मुख्य विपक्षी युनाइटेड फ्युचर पार्टीबीच मुख्य रूपमा प्रतिस्पर्धा हुने देखिएको छ।

पछिल्लो मतपरिणाम अनुसार मूनको डेमोक्र्याटिक पार्टीले १६३ स्थान जितेको छ भने यसको गठबन्धन दलले पनि १७ स्थान जितेको छ। यसबाट डेमोक्र्याटिक पार्टीले कूल १८० स्थान प्राप्त गर्नेछ। विपक्षी युनाइटेड फ्युचर पार्टीले १०३ स्थान जितेको छ। (रासस-एएफपी)

# अमेरिकामा कोरोना संक्रमण 'उच्च विन्दु'मा पुगिसक्यो



**वासिङ्टन**-मेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वकै सर्वाधिक ठूलो अमेरिकी अर्थतन्त्रलाई खुला गर्ने बारेमा बिहीबार नयाँ योजना सार्वजनिक गरिने बताएको छ। उनले अमेरिकामा ठूलो संख्यामा कोरोना संक्रमितको मृत्यु भइरहे पनि कोरोना संक्रमण 'उच्चतम विन्दुमा' पुगिसकेको दाबी गरेका थिए। गत वर्षको अन्त्यतिर चीनमा देखिएको कोरोनाभाइरसको महामारीले विश्वलाई नै उल्टो दिशातर्फ मोडेको छ भने आधा मानवतालाई घरभित्रै रहन बाध्य पार्नुका साथै विश्व अर्थतन्त्रलाई दोस्रो ठूलो संकटतर्फ अग्रसर बनाएको छ।

एएफपीको तथ्याङ्क अनुसार २० लाखभन्दा बढी मानिस कोरोना संक्रमित भएका छन् भने एक लाख ३३ हजारभन्दा बढीको ज्यान गइसकेको छ। संयुक्तराज्य अमेरिकामा मात्र गत २४ घण्टाको अवधिमा २ हजार ६०० जनाको मृत्यु भएको छ।

तर राष्ट्रपति ट्रम्पले ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा भाइरस नियन्त्रणमा चालिएका 'आक्रामक रणनीति' ले काम गरिरहेको दाबी गर्नु भएको छ। उनले भने, 'तथ्याँक हेर्दा नयाँ घटनामा कमी आउन थालेको छ, र उच्चतम विन्दु पार गरेको छ।' उनले देशका खुला गर्न खोजिएका क्षेत्रहरूमा पनि कोरोना प्रसार रोक्न स्पष्ट 'निर्देशिका' जारी गर्ने बताए। उनले कम प्रभावित राज्यमा आगामी मे १ तारिखभन्दा अगाडि नै प्रतिबन्धहरूलाई खुकुलो बनाइने जानकारी दिए।

विश्वका धेरै मुलुकका नेताहरू कोरोना संक्रमणको विनाशकारी दोस्रो लहरका जोखिमबाट बच्दै कसरी बिग्रिएको अर्थतन्त्रलाई सही मार्गमा ल्याउने भन्नेमा द्विविधामा रहेका छन्।।

युरोपमै ठूलो अर्थव्यवस्था रहेको जर्मनीकी चान्सलर एन्जेला मर्केलले व्यवसायहरू खोल्न र विद्यालयहरू पुनः शुरु गर्न केही 'सावधानीपूर्वक' कदमहरू घोषणा गरेको छ।

युरोपेली मुलुक डेनमार्कले प्राथमिक विद्यालयहरू खोल्न अनुमति दिएको छ भने फिनल्याण्डले हेलसिन्कीमा जारी लकडाउन हटाएको छ।

लिथुआनियाले भने बिहीबारदेखि साना पसलहरू खोल्न अनुमति दिएको छ, जबकि अति प्रभावित इरानले केही साना व्यवसायहरूलाई पुनः सञ्चालन सुरु गर्न अनुमति दिएको छ।

न्यूजील्याण्डले अर्को हप्तादेखि आफ्नो राष्ट्रव्यापी लकडाउन सहज गर्न थाल्नेछ। यद्यपि ब्रिटेनले आफ्नो लकडाउनलाई अरू बढाउने गरी बिहीबार नयाँ प्रस्ताव घोषणा गर्दैछ। बेल्जियमले मानिसलाई घरभित्रै बस्ने गरी जारी गरेको आदेशलाई आगामी मे ३ तारिखसम्म बढाएको छ।

विकासोन्मुख मुलुकहरूमा खाद्य सामग्रीको अभाव हुने खतरा उत्पन्न हुँदैछ। खासगरी अफ्रिका र दक्षिण अमेरिकामा उत्पन्न खाद्य संकटले सामाजिक व्यवस्थामा गम्भीर असर पार्नेछ।

रियादमा, विश्वका प्रमुख अर्थतन्त्र भएका २० वटा औद्योगिक राष्ट्रहरूको समूह (जी-२०) ले अति गरिब राष्ट्रहरूका लागि ऋण भुक्तानीको समयावधि एक वर्ष थप्न सहमति भएको छ।

अमेरिकामा पनि यस महामारीले कम्तिमा १ करोड ७० लाख मानिसलाई आफ्नो रोजगारी गुमाउन बाध्य बनाएको छ।

कोरोनाका कारण सिर्जित उदासिनताका बाबजुद पनि विश्वभर उदारताका कथाहरूले हौसला बढाउँछन्।

बेलायतमा एक जना दोस्रो विश्वयुद्धमा लडेका ९९ वर्षीय टम मूरले बेलायती स्वास्थ्यकर्मीहरूका लागि करिब १ करोड ५० लाख डलर रकम संकलन गर्नु भएको छ। ह्वीलचेयरको सहायतामा हिँड्नु पर्ने मूरले भने, 'दोस्रो विश्वयुद्धमा सिपाहीहरू अग्रमोर्चामा थिए, अहिले हाम्रा सेनाहरू डक्टर र नर्सहरू हुन्।' (रासस-एएफपी)

# भारतमा 'कोविड-१९' संक्रमितको संख्या १२ हजार नाघ्यो, ४०० भन्दा बढीको मृत्यु



**नयाँ दिल्ली**–भारतमा कोरोना भाइरसका नयाँ संक्रमितहरू थपिएका बिहीबार जनाइएको छ। गएको २४ घन्टायता यहाँ ९ सय ४१ जना नयाँ संक्रमित थपिएका छन्। बिहीबार बिहानको तथ्यांकअनुसार भारतमा 'कोविड १९' का संक्रमितहरूको संख्या १२ हजार ३८० जना पुगेको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ।

भारतमा देखिएका यी संक्रमितहरूमध्ये १ हजार ४८९ जना भने उपचारपछि निको भएर घर फर्किएका छन्। मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ १० हजार ४७७ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन्।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दिएको जानकारीअनुसार भारतभर गएको २४ घन्टा यता मृत्यु हुनेको संख्या ३७ रहेको पाइएको छ। योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ४१४ पुगेको छ।

पछिल्ला केही दिनमा कोविड १९ का संक्रमितहरूको संख्या बढ्दै गएको सरकारको भनाइ छ। भारतमा शुरुदेखि नै सबैभन्दा बढी संक्रमित महाराष्ट्र राज्यमा देखिएका छन्। बिहीबार पनि यो क्रम जारी नै रहेको सो मन्त्रालयले जानकारी दिएको छ।

महाराष्ट्रमा कोविड १९ का संक्रमितहरू दिन प्रतिदिन बढ्दै गएका छन्। महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या १९ जना थपिएपछि २ हजार ९१६ जना पुगेको बिहीबार बिहान प्राप्त समाचारमा जनाइएको छ।

यसैबीच महाराष्ट्रमा २९५ जना निको भएर घर फर्किएका बताइएको छ। महाराष्ट्र हालसम्म कोरोना भाइरस संक्रमणबाट १८७ जनाको मृत्यु भईसकेको प्राप्त समाचारमा जनाइएको छ। यसरी भारतका अरू राज्यहरूको तुलनामा महाराष्ट्र सबैभन्दा बढी प्रभावित भएको देखिएको समाचारमा जनाइएको छ

महाराष्ट्रपछि सबैभन्दा बढी विरामी संक्रमित नयाँ दिल्लीमा छन्। नयाँ दिल्लीमा मात्र यसका १ हजार ५७८ जना संक्रमित रहेका छन्। नयाँ दिल्लीमा कोरोना भाइरस संक्रमणबाट ३२ जनाको मृत्यु भईसकेको प्राप्त समाचारमा जनाइएको छ। यसैबीच ४० जना भने उपचारपछि घर फर्किएका छन्।

भारतमा यसरी दिन प्रतिदिन नयाँ नयाँ संक्रमितहरू थपिँदै जानु चुनौतीपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्। यसैगरी यस प्रकोपको प्रभावित भारतीय राज्य तमिलनाडु तेस्रो स्थानमा रहेको छ। तमिलनाडुमा कोरोना संक्रमण भएका व्यक्तिको संख्या बिहीबार १ हजार २४२ जना पुगेको छ। यी संक्रमित मध्ये ११८ जना भने उपचारपछि घर फर्किएका छन्। तमिलनाडूमा कोरोना संक्रमणबाट १४ जनाको मृत्यु भईसकेको छ। राजस्थानमा १ हजार भन्दा बढी कोरोना संक्रमित रहेका छन्। राजस्थानमा १ हजार २३ जना कोरोना संक्रमति रहेका बिहीबार बिहानको प्राप्त समाचारका जनाइएको छ। ती मध्ये १४७ जना उपचारपछि घर फर्किसकेका छन्, भने तीन जनाको मृत्यु भएको छ। (रासस/एएनआई)

# अमेरिकामा कोरोनाबाट ३० हजारभन्दा बढीको मृत्यु

**न्युयोर्क**– अमेरिकामा कोरोना भाइरस (कोविड-१९) बाट ३० हजार भन्दा बढीको मृत्यु भएको प्राप्त पछिल्लो समाचारमा जनाइएको छ। अमेरिकाको जोन्स हप्किन्स युनिभर्सिटीको तथ्यांकअनुसार अमेरिकामा यो भाइरसको कारण मृत्यु हुनेको संख्या ३० हजार ८३२ जना पुगेको छ।

यो तथ्यांक नेपाली समयानुसार बिहीबार बिहानसम्मको हो। त्यसैगरी अमेरिकामा अहिलेसम्म यो भाइरसबाट संक्रमित हुनेहरूको संख्या पनि ६ लाख नाघेको छ।

कोरोना भाइरसबाट बिहीबार बिहानसम्म संक्रमित हुने ६ लाख ३७ हजार पुगेको सो युनिभर्सिटीको तथ्यांकमा उल्लेख गरिएको छ।

अमेरिकामा गएको २४ घन्टामा अहिलेसम्मकै सबैभन्दा धेरै नागरिकको ज्यान गएको छ। गएको २४ घन्टायता यहाँका २ हजार ४९४ जनाको यही संक्रमणबाट ज्यान गएको बताइएको छ।

प्राप्त समाचारअनुसार अमेरिकामा संक्रमित हुनेमा सबैभन्दा धेरै प्रभावित न्युयोर्कमा छन्। त्यहाँ यो भाइरसबाट संक्रमित हुनेको संख्या दुई लाख १४ हजार नाघेको छ।

त्यसैगरी सबैभन्दा धेरै नागरिक पनि यही राज्यका रहेका सो युनिभर्सिटीले जनाएको छ। उक्त तथ्यांकमा यो राज्यमा मात्र अहिलेसम्म १४ हजार ६४ जनाको मृत्यु भइसकेको जनाइएको छ।

त्यस्तै न्यु जर्सीमा अहिलेसम्म ३ हजार १५६ जनाको ज्यान गएको बताइएको छ। यहाँका ७१ हजार मानिस यसबाट संक्रमित भइसकेका छन्। यो राज्य न्युयोर्कपछि सबैभन्दा धेरै मृत्यु र संक्रमित हुनेमा पर्दछ।

त्यसपछि सबैभन्दा बढी प्रभावित हुने राज्य मिचिगन हो। उक्त राज्यमा अहिलेसम्म १ हजार ९२१ जनाको ज्यान गइसकेको छ। मिचिगनपछि म्यासाचुसेट्समा धेरै मानिस मरेका छन्। त्यहाँ १ हजार १०८ जनाले यो भाइरसका कारण ज्यान गुमाएका छन्। (रासस/सिन्ह्वा)


## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा** - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। **लोटस कम्युनिकेशन**- गोंगबुचोक, फोनं. ४३६४७१। **ध्रुवको पसल** - डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। **दन्तकाली स्टेशनरी** - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६। **सारीका स्टेशनरी पसल** - फोन नं. ९८५११२९६८६। **ज्ञानज्योती पुस्तक पसल** - बागबजार, फोन नं. ४२४००६०। **विश्व स्वतन्त्र संचार** - सुन्धारा, फोन नं. ४२१९४१२। **निशा बुक्स एण्ड स्टेशनरी** - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। **वीडलिंक मिडिया प्रा.लि.** - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। **हिमचुली स्टेशनरी** - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। **मलः स्टेशनरी** – गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal**- पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर** - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। **दाजुभाई स्टेशनरी** - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेशनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं**. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ७५,८००।- | प्रति तोला - ७५,५००।- | प्रति तोला - ७२०।- |

# मेलम्चीको काम सुरु

■ सञ्चिता घिमिरे

**काठमाडौं–** ‘लकडाउन’ को पहिलो साता केही सुस्त बनेको मेलम्ची खानेपानी आयोजना निर्माण कार्यले पुनः गति लिएको छ। राष्ट्रिय गौरवको सो आयोजनामा ‘लकडाउन’ को पहिलो साता कतिपय मजदूर घर फर्किका थिए भने चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोले आवश्यक निर्माण सामग्री ल्याउन सकेको थिएन।

अहिले मजदूर आउन थाले र निर्माण सामग्रीका लागि प्रशासनले पास उपलब्ध गरेकाले निर्माणको काम अघि बढेको मेलम्ची खानेपानी आयोजनाका सिनियर डिभिजनल इञ्जिनीयर कमलराज श्रेष्ठले बताए।

सरकारले अत्यावश्यक वस्तुसँगै ठूला आयोजनालाई तोकिएको स्वास्थ्य मापदण्ड पूरा गरी सञ्चालन गर्न दिने निर्णय गरेपछि यहाँ कामका लागि वातावरण बनेको हो। ‘लकडाउन’ पहिले यहाँ काम गरिरहेका झण्डै ४० जना दोलखाका कामदार घर फर्किएका छन्। ती बाहेक कतिपय टाढाका जिल्लाका र कतिपय स्थानीय कामदार काममा लागेकाले अहिले निर्माण स्थलमा झण्डै दुई सय कामदार कार्यरत छन्। उनले भने, ‘गत सातादेखि नै नियमित रूपमा नै काम भइरहेको छ।’

उपप्रधानमन्त्री ईश्वर पोखरेल संयोजक रहेका कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको दुई साता पहिलेको बैठकले आयोजनामा सुरक्षाका सबै उपाय अपनाएर बाहिरबाट प्रवेश गर्न नदिई भित्रकै कामदारलाई परिचालन गरी सञ्चालन गर्न दिने निर्णय गरेको थियो। सोही निर्णयका आधारमा जिल्ला प्रशासन कार्यालयले सवारी पास उपलब्ध गराएकाले काम अघि बढीरहेको सिनियर डिभिजनल इञ्जिनीयर श्रेष्ठले बताए। यहाँको निर्माणलाई आवश्यक पर्ने गिटिका लागि प्रशासनले क्रसर उद्योग समेत सञ्चालनको अनुमति दिएको थियो। उनले भने, ‘१२ ट्रकलाई अनुमति दिइएकामा तीनले विभिन्न स्थानबाट निर्माण सामग्री ल्याइरहेका छन्।’

आयोजनाले यहाँको निर्माणलाई प्रशोधन केन्द्र, हेडबक्स र सुरुङमार्ग गरी तीन भागमा विभाजन गरेको छ। जसमध्ये सुन्दरीजलमा दुवै प्रशोधन केन्द्रको निर्माण सम्पन्न भइसकेर परीक्षण भइरहेको छ। अहिले सुरुङ भित्र पनि निर्माणका धेरै काम सकिएकाले अन्तिम काम (फिनिसिङ) भइरहेको छ। अहिले सुरुङ भित्र गेटको काम, भित्तामा रड खुसार्ने काम र ती कतिको बलिया छन् भन्नेबारे अध्ययन भइरहेको छ। हेडबक्समा आवश्यक काम भइरहेको र सुन्दरीजलको प्रशोधन केन्द्रसम्म ल्याइने पाइप निर्माणको काम अघि बढेको छ। उनले भने, ‘हेडबक्समा काम बाँकी भएकाले त्यहाँ नियमित भइरहेको छ।’

सङ्घीय सरकारले थोरै समयमै सम्पन्न हुनसक्ने आयोजनाका रूपमा निर्माण अघि बढाउने निर्णय गरेपनि स्थानीयवासी र हेलम्बु गाउँपालिकाले भने निर्माणस्थलमा हुने ओहोरदोहोरका कारण स्वास्थ्य जोखिममा हुने भन्दै चासो देखाइरहेका छन्। ‘लकडाउन’ घोषणा हुनासाथ महिला समूह निर्माण रोक्न भन्दै निर्माणस्थल पुगेको थियो। उनीहरूसँग वार्ता गरेर निर्माण अघि बढीरहेको थियो। बुधबारदेखि गाउँपालिकाको वडा नम्वर ४ ले निर्माणस्थलको प्रवेशद्वारमै तालाबन्दी गरेको उनले बताए।

गाउँपालिकाले अत्यावश्यक खाद्यन्न र एम्बुलेन्स बाहेकका सवारीसाधन चल्न नदिने निर्णय गरेको थियो। सोहीअनुसार वडा कार्यालयले आफ्नो क्षेत्रमा अरु सवारीसाधन प्रवेशमा रोक लगाएको हो। निर्माण सामग्री हुँदा नियमित रूपमा काम गर्न कठीन नभएपनि निर्माण सामग्री ल्याउन स्थानीय सरकारको अवरोध आउने गरेको सिनियर डिभिजनल इञ्जिनीयर श्रेष्ठले बताए।

निर्माणस्थलमा रहेका सामग्री कति बाँकी छ भन्ने यकिन नभएपनि ती सामग्रीबाट केही समयसम्म काम गर्न सकिने बरिष्ठ डिभिजनल इञ्जिनीयर श्रेष्ठले बताए। निर्माण कम्पनीले यहाँ रहेका सबै चिनियाँ र उपलब्ध नेपाली कामदारलाई काममा लगाइरहेको छ। आवश्यक स्वास्थ्य सुरक्षा अपनाएर निर्माणको काम भइरहेको आयोजनाले जनाएको छ। ‘लकडाउन’ पहिले केही चिनियाँ घर फर्किए पनि अधिकांश चिनियाँ निर्माणस्थलमै कार्यरत छन्। अहिले चिनियाँ दक्ष कामदार झण्डै ४० देखि ५० जनासम्म निर्माणस्थलमा रहेका छन्। उनले भने, ‘लकडाउनको शुरुदेखि अहिलेसम्म चिनियाँ नियमित काम गरिरहेका छन्।’

नयाँ निर्माण कम्पनीले नियमित रूपमा गर्दै आएको कामको गतिका आधारमा आगामी असारसम्मम उपत्यकामा मेलम्चीको पानी आइपुग्ने आयोजनाले बताउँदै आएको थियो। खानेपानी तथा सरसफाइमन्त्री बिना मगरले केही महिना पहिले श्वेतपत्र जारी गर्दै असारसम्ममा पानी आइपुग्ने प्रतिबद्धता जनाएका थिए। तत्काल काम पहिलेकै गतिमा गर्न सकेमा अहिले पनि लक्षित समयमै काम सकिने उनले बताए। अहिलेसम्म पनि काममा धेरै ढिला नभएकाले प्रशासनले र स्थानीय तहले सहयोग गर्दा अझै पनि असारमै काठमाडौँमा पानी झार्ने सम्भावना छ। उनले भने, ‘अझै तीन महिना बाँकी भएकाले सरकारले विशेष महत्व दिएर काम गर्ने वातावातरण बनाउँदा गर्न सकिन्छ।’

# विपद्का बेला मजदुरको घाउमा मल्हम लगाउँदै क्लब एलओडी

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालकै सवैभन्दा राम्रो नाइट क्लब मानिएको एलओडीले आफ्नो सामाजिक दायित्व अन्तर्गत दैनिक ज्यालादारी तथा मजदुरी गर्ने विपन्न परिवारलाई राहत वितरण गरेको छ। क्लबले काठमाडौं महानगरपालिका वडा नम्बर-२६ को कार्यालयसँग समन्वय गरेर आज ५ सय जनालाई राहत वितरण गरेको हो। राहतमा चामल, दाल, तेल, आलु, गेडागुडीसहित दिइएको थियो।

क्लबको आफ्नै परिसरमा ब्यवस्थित तरिकाले सामाजिक दूरी कायम गर्दै गरिएको राहत वितरण कार्याक्रममा वडाध्यक्ष खेमराज तिवारीको पनि उपस्थिति थियो। कडा सुरक्षा घेराको बिचमा उक्त राहत वितरण कार्यक्रम गरिएको थियो। एलओडीले यसअघि पनि कञ्चनपुर जिल्लाका चिकित्सक लागि ५० पिस पिपिइ खानेपानीमन्त्री विना घर्तीमगरमार्फत प्रदान गरेको थियो।

त्यसैगरी, उद्योगमन्त्री लेखराज भट्टमार्फत कैलाली जिल्लाका चिकित्सकहरूका लागि ५० पिस पिपिइ र वडा कार्यालय अन्तर्गत कार्यारत सडक बढार्ने मजदुरहरूका लागि एक सय पिस पिपिई प्रदान गरिसकेको छ।



क्बल एलओडीका सञ्चालकमध्येका भुपेन्द्र कुँवरले विपतका बेला दैनिक ज्यालादारी तथा मदजुरी गरेर गुजारा चलाउनेका लागि दैनिकी सहज होस भन्ने उद्देश्यसहित क्लबले सामाजिक उत्तरदायित्व अन्तर्गत राहत वितरण गरेको जानकारी दिए। क्लब ‘एलओडी’ दक्षिण एशियाकै उत्कृष्ट क्लब मध्येमा पर्छ। यसअघि उक्त क्लबमा पूर्वराजा ज्ञानेन्द्र सपरिवार मनोरञ्जनका लागि गएकाले पनि क्लबको उत्कृष्टतामा शंका नभएको पनि कुँवरले बताए।

कुँवरले भने, ‘क्लबले उत्कृष्ट सेवाका साथै समाजप्रति क्लबको पनि दायित्व भएको हुनाले हामीले यस विपदका बेला गरिब तथा दैनिक ज्यालादारी गर्ने मजदुरको पीडालाई थोरै भए पनि मल्हम लगाउन खोजेका हौं।’

नोबेल कोराना भाइरस (Covid-19) सामान्य रूघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उत्तम उपायहरू:

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रूपमा घरबाहिर र भिडभाडमा नजाने
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनाले छोप्ने
- कुनै पनि व्यक्तिसँग तीन फिटको दूरी कायम गर्ने
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने
- सकेसम्म पशुजन्य मासु नजाने
- ज्वरो, रूघा र खोकी तथा श्वासप्रस्वादमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, कार्यकारी सम्पादकः कमलराज राई